# प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन
विभाग अन्तर्गत स्नातकोत्तर तह  दोस्रो बर्षको Ed.598 विषयको
आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

शोध-पत्र


शोधार्थी

यमुना भण्डारी

परीक्षा रोल्नः २१४०१६३ (२०६६)

क्याम्पस रोल्न : ८२ (२०६४/०६५)

त्रि.वि. दर्ता न ९-२-२१४- ६४७-९९



सुकुना वहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ


माघ, ०६८

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकायअर्न्तगत शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नात्तकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि अनिवार्य पत्रको रूपमा तयार गरिएको यो शोधपत्र प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता शीर्षकसँग सम्बन्धित रहेको छ ।

प्रस्तुत शोधपत्र श्रद्धेय शोध निर्देशक एवम् EPM विभाग प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठ ज्यू को निर्देशनमा तयार पारिएको छ । आफ्नो व्यक्तिगत व्यस्तता र कार्य व्यस्तताका बाबजुद पनि शोध मूल्याङ्कन र निर्देशनमा सहयोग गर्नु भएकोमा उहाँको सहयोगी कदमका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै शोधपत्र लेखनका लागि र अध्ययनकार्य सफलताका लागि सधैं प्रेरणा र निर्देशन दिइरहनु हुने (मेरा काका) यसै क्याम्पसका उपप्राध्यापक श्री नरप्रसाद भण्डारी ज्यू , काकी धर्मकुमारी भण्डारी ज्यू र गुरु श्री गणेश दाहाल न्यू प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अनुसन्धानका क्रममा अध्ययनसँग सम्बन्धित विभिन्न लेख रचना तथा सन्दर्भ सामाग्रीहरू उपलब्ध गराई सहयोग गर्नुहुने कटहरी स्रोत केन्द्र मोरङ, स्रोत व्यक्ति श्री इन्ज कुमार बास्तोला ज्यू, शिक्षकहरू, सहभागी प्रौढहरू, अभिभावकहरू, स्थानीय निरीक्षकहरू लगायत सम्पूर्ण सरोकारवालाहरूमा हृदय देखिनै धन्यवाद दिन चाहन्छु । साथै सुकुना क्याम्पसका पुस्तकालय प्रमुख प्रति पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा म र मेरो कार्यप्रति सधैं श्रदा प्रकट गर्दै अध्ययन कार्य सफलताका लागि सदा हौसला दिइरहनुहुने मेरा आदरणीय गुरुवर्गहरू कटहरी गा.वि.स. का स्रोत शिक्षकहरू लगायत मेरो शोध लेखनकार्यमा हरकदम सहयोग गर्नुहुने मेरा श्रीमान् श्री कृष्णराज निरौला ज्यू का साथै कम्प्यूटर टाइपमा सहयोग गर्नुहुने कालुराम सरदार र हिउँचुली अफसेट प्रेस प्रति पनि हृदय देखिनै हार्दिक धन्यवाद दिन चाहान्छु ।

यमुना भण्डारी
शिक्षा शास्त्र संकाय
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर-४, मोरङ

# शोधसार


यो अध्ययन “प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता” शीर्षकमा आधारित छ । यस अध्ययनको मूल उद्देश्यका रुपमा प्रौढ साक्षरता कार्यक्रमको प्रभाव लेखाजोखा गर्नु रहेको छ ।

विषयवस्तुको अध्ययनसँग सम्बन्धित व्याख्या विश्लेषणका लागि गुणात्मक र परिमाणात्मक मिश्रित ढाँचा प्रयोग गरिएकोछ भने यस अध्ययनमा निरक्षरतादर न्यूनिकरणमा प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता सम्बन्धमा जानकारी हाँसिल गर्नका लागि जनसंख्या नमूनाका रूपमा कटहरी गा.वि.स.का स्रोत व्यक्ति, सहभागी प्रौढहरू, अभिभावकहरू, स्थानीय निरीक्षक एवम स्वयम् सेवक शिक्षकहरूलाई सम्भावनायूक्त नमूना छनौट विधि प्रयोग गरी छनोट गरिएको छ । त्यस्तै आवश्यक तथ्याङ्क संकलनका लागि प्राथमिक स्रोतहरूमा अन्तर्वार्ता प्रश्नावली, लक्षित समूह छलफल प्रश्नावलीहरूको प्रयोग गरिएको छ भने द्वितीय स्रोतहरूमा समूहका अभिलेख फारमहरू, स्रोतकेन्द्र प्रोफाइलका साथै अवलोकन फारमहरुलाई अनुसन्धान साधनको रुपमा प्रयोग गरिएको छ ।

अध्ययनका क्रममा प्राप्त तथ्याङ्कहरूको विश्लेषणबाट भने यस गा.वि.स. मा सञ्चालित प्रौढ साक्षरता शिक्षाले निरक्षर प्रौढहरूलाई अक्षर चिन्न पढ्न र लेख्नका साथै दैनिक जीवनमा आइपर्ने साधारण पढाइ लेखाइ र हिसाब सम्बन्धी सीपको विकास गराउने, आधुनिक 7Rs सम्बन्धी सीपहरू प्रदान गराउने, आय आर्जन र जिविकोपार्जन सम्बन्धी सीपहरूको विकासमा प्रयत्नरत रहेको देखिएता पनि उक्त गा.वि.स. मा सञ्चालित कार्यक्रममा नेपाल सरकार र अनौपचारिक शिक्षा केन्द्रको संलग्नता बाहेक अन्य संघ संस्थाको संलग्नता निष्कृय रहनु, साक्षरता शिक्षामा संलग्न विद्यार्थीहरू अधिकांश दलित तथा जनजातिका तर्फबाट रहेको र अन्य जातजातिको शुन्य संलग्नता देखिनु, साक्षरता कक्षामा शैक्षिक सामग्रीको अभाव र कमजोर व्यवस्थापन हुनु, स्वयम्सेवकहरू नियूक्ति गर्दा बौद्धिकता र योग्यताका आधारमा नभई पिछडिएको वर्गका आधारमा गरिनु, अनौपचारिक शैक्षिक कार्यक्रममा समुदायका सबै पक्षहरूको समान सहभागितामा कमी देखिनु, साक्षरता कक्षाको अनुगमन र निरीक्षणमा स्थानीय निरीक्षकको मात्र संलग्नता रहनु र जिल्ला तथा गा.वि.स. को चासो कम रहनु जस्ता कुराहरू अध्ययनका क्रममा प्राप्त भएको छ ।

त्यस्तै अनौपचारिक शिक्षा मार्फत साक्षर बनेका मानिसहरू रोजगारमूलक जिवीकोपार्जनका निम्ति योग्य नहुनु, राज्यले औपचारिक शिक्षामा मात्र बढी लगानी गर्नु, सीपमूलक र आयआर्जनमूलक कार्यक्रम ल्याउन नसक्नु, आधारभूत साक्षरता शिक्षामा मात्र जोड दिनु, अनौपचारिक शिक्षालाई हेर्ने मानिसको दृष्टिकोण नकारात्मक हुनु, प्रौढहरूलाइ उपलब्ध

गराइएको ज्ञान व्यावहारिक भन्दा बढी सैद्धान्तिक र अप्रयोगयोग्य हुनु जस्ता कारणहरुले गर्दा निरक्षर प्रौढहरूको झुकाव साक्षरता कक्षा तर्फ कम रहेको देखिन्छ ।

माथि उल्लेखित कारण तथा निष्कर्षका आधारमा साक्षरता विकासका लागि शैक्षिक कार्यक्रम चाहे औपचारिक होस् वा अनौपचारिक यसको प्रभावकारी ढंगले सञ्चालन तथा कार्यान्वयन गर्न नितान्त आवश्यक देखिएको वर्तमान अवस्थामा प्रौढ साक्षरता कार्यक्रमलाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गरी साक्षरता विकासमा सहयोग गर्न राज्य, अनौपचारिक शिक्षा केन्द्र र साक्षरता सेवा केन्द्रहरूले हाल अनौपचारिक शिक्षा तर्फ विनियोजन गर्दै आएको बजेटमा बृद्धि गर्नु पर्ने, कार्यमूलक र व्यवहारमूलक अनौपचारिक शिक्षा लागू गर्नु पर्ने, विशेषजाति, समूह तथा लक्षित वर्गलाई यस कार्यक्रमले समेटनु पर्ने, आधारभूत राष्ट्रिय साक्षरता कार्यक्रमलाई निरन्तर शिक्षाका कार्यक्रमहरूसँग एकीकृत गरी सञ्चालन गरिनुपर्ने, कार्यक्रम कार्यान्वयनको प्रभावकारिता र गतिशीलताको अनुगमनमा तीव्रता ल्याउनु पर्ने, आयआर्जनमूलक अनौपचारिक शिक्षा प्रणालीको विकाश र विस्तार गरिनुपर्ने, साक्षरता शिक्षा प्रति अभिभावकहरूमा सकारात्मक सोचको विकास गरिनु पर्ने, साक्षरतादर अभिवृद्धि कार्यक्रममा सरकारी तथा गैह्र सरकारी संस्थाहरुको पहुँच बढाउनु पर्ने, प्रौढको मनोवैज्ञानिकता बुझी शिक्षण गर्न सक्ने व्यक्तिको नियुक्ति गरिनु पर्ने, स्वयम् सेवकहरूको छनौट दक्षता र क्षमताका आधारमा गरिनु पर्ने, कक्षाको उचित व्यवस्थापनमा ध्यान दिनुपर्ने साथै अब बन्ने नयाँ संविधानमा अनौपचारिक शिक्षासम्बन्धी व्यवस्था प्रभावकारी ढंगले गरिनु पर्ने जस्ता सुझावहरू यस शोधपत्र मार्फत दिइएको छ ।

# विषयसूची


पृष्ठसंख्या

सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञताज्ञापन iii

शोधसार iv

विषयसूची vi

तालिकासूची viii

संक्षिप्त शब्दावलीहरू ix

परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२. समस्याको कथन ७

१.३. अध्ययनको औचित्य ७

१.४. अध्ययनको उद्देश्य ९

१.५ अनुसन्धानात्मक प्रश्नहरू ९

१.६. अध्ययनको परिसीमा १०

१.७ पारिभाषिक शब्दावलीहरू १०

परिच्छेद दुई :सम्वन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

२.१. सम्वन्धित साहित्यको पुनरावलोकन १३

२.२ अध्ययनको सैद्धान्तिक ढाँचा १७

२.३ शैक्षिक उपादेयता २०

परिच्छेद तीन : अध्ययन विधि

३.१. अनुसन्धान ढाचा २२

३.२. जनसङ्ख्या २२

३.३. नमूना छनौट विधि र नमूनाको आकार २२

३.४. नमूना छनौटका आधारहरू २२

३.५. अनुसन्धानका साधनहरू २३

३.६. तथ्याङ्कको स्रोत २३

३.६.१ प्राथमिक स्रोतहरू २३

३.६.२ द्वितीय स्रोत २३

३.७. तथ्याङ्क संकलन विधि २३

३.८. तथ्याङ्क विश्लेषण प्रक्रिया २३

परिच्छेद चार : तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण

४.१. प्रौढ साक्षरता कार्यक्रमको अवस्था २४

४.१.१ प्रौढ साक्षरता कार्यक्रम मा सहभागी २५

४.१.२ जातजाति तथा लिङ्गका आधारमा सहभागी २६

४.१.३ बीचैमा कक्षा छोड्ने सहभागी २८

४.१.४ सहभागीहरूले बीचैमा कक्षा छोड्ने कारण २९

४.१.५ आय आर्जनमा सहभागी ३१

४.१.६ राष्ट्रिय साक्षरता अभियान कार्यक्रम (२०६८/०६९) को अवस्था ३२

४.१.७. स्वयम् सेवक तथा स्थानीय निरीक्षकहरूको शैक्षिक अवस्था : ३४

४.१.८ १५ वर्ष माथिको साक्षरता अवस्था ३५

४.१.९ साक्षरता केन्द्रको निरीक्षण र अनुगमन ३७

४.१.१० अनौपचारिक शिक्षातर्फको लेखाजोखा केन्द्रको सञ्चालन ३९

४.२ प्रौढ साक्षरता कार्यक्रमको प्रभाव ३९

४.२.१. पौढ साक्षरता कार्यक्रमहरूवाट प्रभावित पक्षहरूको उपलव्धता ४१

४.३ प्रौढ साक्षरता कार्यक्रममा देखिएका समस्याहरू ४२

४.३.१ साक्षरता स्वयंसेवकका समस्याहरू ४२

४.३.२. साक्षरता कक्षामा सहभागी प्रौढहरूका समस्याहरू ४३

४.३.३ स्रोतव्यक्तिसंगका समस्याहरू ४४

४.३.४ अभिभावकहरूका समस्याहरू ४५

४.३.५ लक्षित समूह छलफलबाट प्राप्त समस्याहरू ४६

४.४ प्रौढ साक्षरता कार्यक्रम प्रभावकारी बनाउने उपायहरू : ४६

परिच्छेदः पाँच प्राप्ति, निष्कर्ष र सुझाव

५.१ प्राप्तिहरू ४९

५.२ निष्कर्ष ५१

५.३ सुझावहरू ५४

*सन्दर्भसामाग्री*

*अनुसूची*

# तालिका विवरण


तालिका नं. १ : प्रौढ साक्षरता कार्यक्रमको विवरण २४

तलिका नं. २ प्रौढ साक्षरता कक्षामा सहभागी २५

तालिका नं. ३ : जातजाति तथा लिङ्गका आधारमा सहभागी २६

तालिका नं. ४ बीचैमा कक्षा छोड्ने सहभागी २८

तालिका नं. ५ सहभागिहरूले बीचैमा कक्षा छोड्ने कारण २९

तालिका नं. ६ आय आर्जनमा सहभागी ३१

तालिका नं. ७ स्वयम् सेवक तथा स्थानीय निरीक्षकहरूको शैक्षिक अवस्था ३४

तलिका नं. ८ १५ वर्ष माथिको साक्षरता अवस्था ३६

तलिका नं. ९ साक्षरता केन्द्रको निरीक्षण र अनुगमन ३७

तालिका नं.१० प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता ४०

# संक्षिप्त शव्दावलीहरू

| | |
|---|---|
| गाविसः | गाउँ विकास समिति |
| जिविसः | जिल्ला विकास समिति |
| जिशिकाः | जिल्ला शिक्षा कार्यालय |
| जिशिअ : | जिल्ला शिक्षा अधिकारी |
| नपाः | नगारपालिका |
| विनिः | विद्यालय निरिक्षक |
| राशिपयो : | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| क्षेशिनि : | क्षेत्रीय शिक्षा निर्देशनालय |
| B.Ed. | Bachelor in Education |
| CERID | Research Centre for Educational Innovation and Development |
| CLC | Communtity Learning Centre |
| INGO | International Non-Government Organization |
| NFE | Non-formal Education |
| NNEC | National Non-formal Education Council |
| NGO | National Government Organization |
| RP | Resource Person |
| S.L.C. | School Leaving Certificate |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामान्यतया औपचारिक शिक्षा प्रणाली भन्दा बाहिर वा अलग रूपबाट खास उद्देश्य प्राप्तिका लागि निर्माण गरिएको शिक्षालाई अनौपचारिक शिक्षा भनिन्छ । अथवा विद्यालय वा महाविद्यालयको औपचारिक घेरा भन्दा बाहिर रहेर दिइने शिक्षालाई अनौपचारिक शिक्षा भनिन्छ । मानव उत्पत्तिको इतिहास सँगसँगै उत्पत्ति भएको यो शिक्षा परापूर्व कालमा सिक्ने र सिकाउने क्रममा घरपरिवारमा मात्र सीमित थियो (शर्मा एण्ड शर्मा, २०६५) ।

प्राचीन युगमा शिक्षा प्राप्त गर्ने माध्यमका रूपमा रहेको अनौपचारिक शिक्षालाई विशेष ज्ञान र विशिष्टीकरण प्राप्त गर्ने सन्दर्भमा तत्कालीन समाजले उद्देश्य मूलक रूपबाट सङ्गठित गरेको थियो । जस्तो प्राचीन समाजमा मानिसहरूसँगै बसेर कामहरू गर्ने गर्दथे । लोग्ने मानिसहरू खाना खोज्ने र स्वास्नी मानिसहरू खाना पकाउने, केटाकेटी हेर्ने र घर व्यावहार सम्हाल्ने गर्दथे । पछी त्यही प्रणालीबाट चर्च र मन्दिरहरूमा धार्मिक आस्था पूरा गर्न शिक्षालाई सङ्गठित गर्न थालियो । अनेक किसिमका धार्मिक प्रवचनहरू, नृत्यहरू, साँस्कृतिक झलकहरू, नाटकहरू निर्माण गरिएको थियो, यो नै अनौपचारिक शिक्षाको बिकासक्रम थियो । पछि गएर समाज विकसित र जटिल बन्दै गयो । सामाजिक आवश्यकता र मागहरू वढ्दै गए । अब समाजले आफ्ना आवश्यकताहरू पूरा गर्न औपचारिक शिक्षाको निर्माण गऱ्यो । यसो गरेता पनि अनौपचारिक शिक्षा हराएर जान सकेन बरू यसको आवश्यकता झन-झन वढ्दै गयो । पुस्तकालय, प्रेस, रेडियो, पत्रपत्रिका, टेलिभिजन र विभिन्न सीपमूलक काम सिकाउने संस्थाहरूको विकास हुदै गयो । यसरी सामाजिक आवश्यकता पूरा गर्न जीवनपर्यन्त शिक्षाको रूपमा अनौपचारिक शिक्षा विकसित हुदै गयो (भट्टराई, २०६२) ।

औपचारिक शिक्षाको संरचनात्मक जटिलता र महंगीका कारण सबैको आवश्यकतालाई समेट्न सकेन । मानिसका सम्पूर्ण आवश्यकताहरूलाई औपचारिक शिक्षाले मात्र पूरा गर्न नसकेको तथ्यलाई ध्यानमा राखी पुनः अनौपचारिक शिक्षाको जन्म भयो । अनौपचारिक शिक्षालाई विधिवत वा प्रक्रियागत रूपमा थालनी गर्ने श्रेय

विद्वान ए.एल.स्मिथको सन् १९१९ को “प्रौढ शिक्षाको” सुत्रपातलाई मानिन्छ । त्यसपछि अनौपचारिक शिक्षालाई शिक्षाको वैकल्पिक माध्यमका रूपमा लिन थालियो । दोस्रो विश्वयुद्धको समाप्तिपछि अनौपचारिक शिक्षालाई शिक्षाका बैकल्पिक चिन्तन भित्र समावेश गरियो । संयुक्त राष्ट्रसंघले सन् १९४६ बाट यूनेस्को मार्फत निरक्षरता विरुद्धको साक्षरता अभियानलाई अघी बढायो । सो अभियानले निरक्षर प्रौढहरूलाई साक्षरता कार्यक्रम मार्फत साक्षर बनाउने क्रमलाई सन् १९४९ मा डेनमार्कको एल्सीनोर भन्ने ठाउँमा सर्वप्रथम ‘प्रौढ शिक्षा’ बारे सम्मेलन आयोजना गऱ्यो । सन् १९६० मा क्यानडाको मट्रियलमा ५१ राष्ट्रको सहभागितामा दोस्रो ‘प्रौढ शिक्षा’ सम्वन्धी सम्मेलन गरियो । सो सम्मेलनले विकास योजनाहरू सफल नहुनाका प्रमुख कारणहरूमा साक्षरता नहुनु र व्यावहारिक कार्यमूलक ‘प्रौढ शिक्षा’ नहुनुलाई मान्यो । सन् १९६२ मा इटलीमा उल्ला कन्फरेन्स र पेरिसमा भएको साक्षरता विशेषज्ञहरूको अधिवेशनले साक्षरतालाई पढाई, लेखाई र साधारण गणित गर्न सक्ने भनी परिभाषित गऱ्यो । सन् १९६४ को पेरिस सम्मेलन सन् १९६५ मा इरानको अन्तर्राष्ट्रिय साक्षरता अभियान जस्तो कार्यक्रममा ८७ राष्ट्रहरूको सहभागिता थियो । त्यसमा नेपालका तत्कालीन शिक्षामन्त्री पुष्करनाथ उप्रेतीको उपस्थिति भयो । यस सम्मेलनले प्रौढ शिक्षालाई व्यावसायिक, व्यावहारिक र उपयोगी हुनुपर्ने ठहर गऱ्यो । सन् १९६६ मा इरानका सम्राट साहनसाहले राखेको प्रस्ताव पारित भएपछि विश्वमा प्रौढ शिक्षाको जन्म भयो । त्यसपछि विभिन्न राष्ट्र र अन्तर्राष्ट्रिय स्तरमा बसेका विभिन्न सम्मेलनले प्रौढ शिक्षालाई जीवनपर्यन्त शिक्षाका रूपमा विस्तार गराउनु पर्ने आवश्यकता महसुस गरी प्रौढ शिक्षा कार्यक्रमलाई कार्यमूलक प्रौढ शिक्षा, अनौपचारिक शिक्षा, मौलिक शिक्षा, विद्यालय बाहिरको शिक्षा, आजीवन शिक्षा जस्ता विभिन्न नामहरू द्वारा अघि बढायो । फलस्वरूप अनौपचारिक शिक्षा आजको विकसित रूपमा आइपुगेको छ (कोइराला, २०५८) ।

जीवनपर्यन्त शिक्षाको रूपमा प्रयोगमा ल्याइएको अनौपचारिक शिक्षालाई खास गरी विद्यालय प्रवेश गर्न नसकेका, साक्षर वन्न नसकेका, विद्यालय तह पूरा नगरी बीचैमा विद्यालय छाडेका, निम्नतह मात्र पूरा गरेका र समयअनुसार सीप सिक्न इच्छुक सहभागिहरूका लागि प्रयोग गरिन्छ । उपयोगिताको सिद्धान्तमा आधारित अनौपचारिक शिक्षा सीपमूलक, क्षमता अभिवृद्धिमूलक र चेतनामूलक कार्यसँग

सम्बन्धित छ भने औपचारिक शिक्षाको कुनै पनि तह पूरा गरेका तर ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न चाहाने जो कोही व्यक्तिहरूका लागि यो शिक्षा समान उपयोगिताका रूपमा रहेको पाइन्छ । यस प्रकार अनौपचारिक शिक्षा केन्द्रले विद्यालय बाहिर रहेका ६ वर्ष देखि १४ बर्ष उमेर समूहका बालबालिकाहरूका लागि र १५ देखि ६० वर्ष उमेर समूहका युवा, प्रौढ, महिला पुरुषका लागि अनौपचारिक शिक्षा र विभिन्न सीप विकास कार्यहरूसँग सम्वद्ध कार्यमूलक साक्षरता सञ्चालनमा जोड दिने गरेको छ (श्रेष्ठ र साथीहरू, २०६३) ।

राष्ट्रिय साक्षरता अभियान कार्यक्रमको माध्यमबाट निरक्षरता उन्मूलन गर्ने नेपाल सरकारको प्रतिवद्धता पूरा गर्न निरक्षर रहेका युवा, प्रौढ, महिला तथा पुरूष हरूलाई साक्षर गराउने उद्देश्यले आधारभूत साक्षरता कार्यक्रमलाई व्यवस्थित रूपले सञ्चालन, व्यवस्थापन तथा कार्यान्वयन गर्न शिक्षा नियमावली २०५९ को नियम १९२ खण्ड "क" ले दिइएको अधिकार प्रयोग गरी नेपाल सरकारले जारी गरेको निर्देशिका बमोजिम आधारभूत तथा प्राथमिक शिक्षा दोस्रो अन्तर्गत वैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको रूपमा २०६५ सालदेखि प्राथमिक शिक्षा विस्तार कार्यक्रम, अनौपचारिक शिक्षा कार्यक्रम र बालशिक्षा कार्यक्रम सञ्चालन गरिदै आएको छ (शिक्षा मन्त्रालय, २०६६) ।

माथि उल्लेखित कार्यक्रमलाई सुदृढ र शसक्त गर्न हाम्रो देशमा सन् २००१ देखि समुदायमा आधारित बैकल्पिक शिक्षा परियोजना सञ्चालित छ । यसै गरी १५ वर्ष देखि ४५ वर्ष सम्मका युवा तथा प्रौढहरूलाई साक्षरता सम्बन्धी प्रौढ साक्षरता, महिला साक्षरता अर्न्तगत साक्षरता, आयमूलक कार्यक्रम, अनौपचारिक शिक्षा अन्तर्गत प्रजनन् एकीकृत स्वास्थ्य कार्यक्रम, सामुदायिक अध्ययन केन्द्र र बीचैमा विद्यालय छाड्ने बालबालिकाहरूका लागि पुनः विद्यालय प्रवेश गराउने कार्यक्रम सञ्चालित हुँदै आएको छ (शर्मा एण्ड शर्मा, २०६३) ।

शिक्षा विकासको प्रारम्भिक कालदेखि नै नेपालमा अनौपचारिक शिक्षाको विकास भए तापनि पाचौँ योजना देखि विस्तृत रूपमा उल्लेख गरेको पाइन्छ । चौथो योजना सम्म यसलाई प्रौढ शिक्षा र प्रौढ साक्षरता तथा पाचौँ योजनादेखि कार्यमूलक प्रौढ साक्षरता र आठौँ योजनादेखि अनौपचारिक शिक्षा भनिँदै आएको छ । विभिन्न योजनाकालमा अनौपचारिक शिक्षाको स्वरूपमा परिवर्तन आए तापनि यसको मुख्य

उद्देश्य प्रौढ साक्षरता नै रहेकाले औपचारिक शिक्षामा विभिन्न कारणले विद्यालय जान नसकेका र बीचैमा विद्यालय छोडेका प्रौढहरूलाई साक्षर वनाउन दिइने शिक्षालाई प्रौढ साक्षरता भनिएको हो (अर्थ मन्त्रालय, २०५८) ।

निरक्षरताले विकासलाई अपाङ्ग वनाउँदछ भन्ने कुरा सर्वविदित छ । निरक्षरता सन् २००० सम्ममा ६१% बाट घटाएर ३३% ल्याउने र सन् २०१५ सम्ममा देशबाट निरक्षरता उन्मूलन गर्ने राष्ट्रिय लक्ष्य निर्धारण भइसकेको वर्तमान समयमा लक्ष्य प्राप्तिको लागि साक्षरता कार्यक्रमलाई राष्ट्रिय अभियानको रूपमा लागू गर्दै प्रौढहरूको उत्पादकत्व वढाउन तथा जीवनस्तर उकास्न कृषि, स्वास्थ्य, घरेलु, वातावरण संरक्षण र जनसङ्ख्या शिक्षा सम्बन्धी ज्ञान तथा सीपहरू प्रदान गरिदै आएको छ । राष्ट्रको चौतर्फी विकासका निम्ति निरक्षरता तगारोको रूपमा रहेको हुदा यथासक्य छिटो निरक्षरता हटाउने उद्देश्यले आगामी बाह्रौ योजनाको अन्त्य सम्म साक्षरता सतप्रतिशत पुऱ्याउने दीर्घकालीन राष्ट्रिय लक्ष्य हासिल गर्न साक्षरता कार्यक्रमलाई राष्ट्रिय अभियानको रूपमा सञ्चालन गर्दै योजना अवधीमा ६ वर्ष वा सो भन्दा माथिका जनसङ्ख्या मध्ये ७०% लाई साक्षर गर्ने, ३२ लाख १६ हजार निरक्षर प्रौढ तथा ७ लाख ८४ हजार विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई साक्षर गर्ने लक्ष्य रहेको छ । यी लक्ष्य परिपूर्तिका क्रममा प्रौढ साक्षरता कार्यक्रमहरू सञ्चालन गर्ने, महिला साक्षरतामा जोड दिने र साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रमलाई अनौपचारिक शिक्षाको अभिन्न अंगको रूपमा सञ्चालन गरिने छ ( लुइटेल, २०५८) ।

अन्तर्राष्ट्रिय क्षेत्रमा मान्यता दिँदै अघि बढेको अनौपचारिक शिक्षाको विधिवत थालनी नेपालभर २०२८ सालबाट शुरू भएको हो यसको उद्देश्य निरक्षरता उन्मूलन रहेको थियो, जुन आज सम्म पनि कायमै छ । वि.सं.२०१३ सालमा कलेज अफ एजुकेशनको स्थापना भएपछि प्रौढ शिक्षा व्युरोको स्थापना भयो । यस व्युरोले तीन महिने, छ महिने र नौँ महिने प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गऱ्यो । यसरी २०२८ साल र २०४९ का शिक्षा कार्यक्रमले समेत अनौपचारिक शिक्षामा जोड दिएका छन् । हाल शिक्षा मन्त्रालयमा “अनौपचारिक शिक्षा परिषद्” समूह गठन भई जिल्ला जिल्लामा सरकारी कार्यक्रमका रूपमा अनौपचारिक शिक्षा कार्यक्रम चलेका छन् भने

गैह्र सरकारी संस्थाहरूले पनि यसलाई आ-आफ्नो मुख्य कार्यक्रम बनाइ अघि बढाएका छन् (अधिकारी, २०६७) ।

नेपालमा औपचारिक शिक्षाको इतिहास त्यति पुरानो नभएता पनि अनौपचारिक शिक्षाको इतिहास भने निकै पुरानो देखिन्छ । परापूर्व कालदेखि हिन्दुहरूले आफ्ना मन्दिरहरूबाट दिने शिक्षा, बौद्धहरूले विहार तथा गुम्बाबाट दिने शिक्षा र विभिन्न पेशावालहरूले आफ्नै तरिकाबाट लिदै आएका शिक्षाहरू अनौपचारिक शिक्षाका उदाहरण हुन् । अनौपचारिक साक्षरता शिक्षा, वि.सं.२००४ सालको आधार शिक्षा, ३ महिने प्रौढ शिक्षा हुदै योजनावद्ध रूपमा २०१३ सालको प्रथम पञ्चवर्षीय योजनाबाट शुरू भएको हो । वि.सं.२०२८ सालको रा.शि.प.यो.बाट विधिवत रूपमा सञ्चालित अनौपचारिक शिक्षा २०२९ सालमा शिक्षा मन्त्रालयद्वारा कार्यमूलक प्रौढ साक्षरताका रूपमा सञ्चालन गरेको थियो भने २०३९ सालमा ग्रामीण विकासका लागि सेती परियोजना अर्न्तगत कार्यमूलक चेलिबेटी शिक्षा कार्यक्रमका नाममा सञ्चालन हुन गयो । त्यसै गरी २०४७ सालमा साक्षरताका लागि प्रौढ शिक्षा, चेलिबेटी शिक्षा तथा बाल शिक्षाका कार्यक्रम सञ्चालन गरिए भने २०५३ सालमा अनौपचारिक शिक्षा परिषद्बाट साक्षरोत्तर तह, बाल शिक्षा कार्यक्रम सञ्चालन भए । २०५६ सालमा विभागीय अनौपचारिक शिक्षा केन्द्रको स्थापना र २०६२/०६३ मा निरक्षर एवम् बीचैमा विद्यालय छोडेका वालबालिकामा कार्यक्रम परीक्षणका साथै २०६५ देखि राष्ट्रिय साक्षरता अभियान सञ्चालन भइरहेका छन् (साक्षरता विशेषाङ्क, २०६६) ।

मानव इतिहास र सभ्यता विकासको धरातलमा उभिएर हेर्दा अनौपचारिक शिक्षा विश्व सभ्यताको सबैभन्दा पुरानो शिक्षा हो र यस शिक्षाको विकास क्रममा साक्षरता विकास अग्रणी मानिन्छ । यसरी हेर्दा निरक्षर प्रौढहरूलाई साक्षर बनाउनका लागि दिइने साक्षरता शिक्षालाई प्रौढ साक्षरता भनिन्छ । अथवा विद्यालय वा कुनै पनि शिक्षण संस्था वा कुनै निकाय वा विद्यालय बाहिरका अवस्थामा समेत आधारभूत तहका ज्ञान तथा सीपहरू प्रदान गर्न दिइने शिक्षालाई प्रौढ साक्षरता भनिन्छ । अङ्ग्रेजीमा एण्ड्रागोजी भनिने प्रौढ शिक्षा अनौपचारिक शिक्षा अर्न्तगत पर्ने एउटा महत्वपूर्ण कार्यक्रम हो । यसले विभिन्न कारणले विद्यालय जान नसकी साक्षर हुनबाट वन्चित रहेका १५ वर्ष देखि ४५ वर्ष सम्म उमेरका युवा, प्रौढ महिला तथा

पुरुषहरूलाई आधारभूत साक्षरताका सीप प्रदान गर्नका लागि न्युनतम दैनिक २ घण्टाका दरले ६ हप्तामा ६ दिन सम्म कार्यक्रम सञ्चालन गरिने वा न्यूनतम १५० दिनमा ३०० घण्टा कार्यक्रम सञ्चालन गर्दछ (भट्टराई, २०६५) ।

अनौपचारिक शिक्षालाई बृहत नेपाली शब्दकोषले अक्षर चिनेको वा लिपी चिनेको अलिअलि लेखपढ गर्न सक्नेलाई साक्षर मानेको छ भने अनौपचारिक शिक्षा निर्देशिकाले दैनिक जीवनयापनका पढाई, लेखाई र गणितीय सीपको सिकाइलाई साक्षरता भनेको छ । नेपालको सन्दर्भमा रा.शि.प.यो.२०२८ ले अनौपचारिक शिक्षाको प्रथम तह प्राथमिक शिक्षालाई भनेको छ भने यूनेस्को २१ औँ शताब्दिले जान्नका लागि सिक्नु, गर्नका लागि सिक्नु, बन्नका लागि सिक्नु र सह-जीवनका लागि सिक्नुलाई साक्षरता शिक्षा मानेको छ । त्यस्तै अनौपचारिक राष्ट्रिय शिक्षा अभियान कार्यक्रम निर्देशिका २०६३ अनुसार साक्षर भन्नाले आफ्नो मातृभाषा राष्ट्रभाषामा लेखिएका दैनिक जीवन कार्यान्वयनसँग सम्बन्धित छोटा र साधारण वाक्यहरू बुझेर लेखपढ गर्न सक्ने र बुझेका कुरा एकआपसमा सञ्चार गर्न सक्ने तथा साधारण हरहिसाव गर्न सक्ने व्यक्तिलाई साक्षर भनेको छ (शिक्षा मन्त्रालय, २०६३) ।

जे जसरी साक्षरताई परिभाषित गरे पनि साक्षरता भनेको मुलभूत आवश्यकता पूरा गर्न सचेत बनाउने एक शसक्त माध्यम हो । यसका लागि अनौपचारिक शिक्षा प्रथम विकल्पको रूपमा रहेको छ । अविकसित मुलुकको सबै भन्दा ठूलो समस्या नै निरक्षरता रहेको वर्तमान अवस्थामा विश्व जनसङ्ख्याको विश्लेषण गर्दा लगभग ८६.२ करोड प्रौढहरू निरक्षर रहेको र त्यसमा लगभग दुई तिहाइ (लगभग ५९ करोड) जनसङ्ख्या महिलाहरू रहेको आँकडा छ । अतः यी निरक्षर प्रौढहरूलाई साक्षरहरूको तुलनामा सक्षम बनाउन दिइने प्रथम चरणको आधारभूत शिक्षालाई नै प्रौढ साक्षरता भनिन्छ । साक्षरता दर अभिवृद्धि गर्ने सन्दर्भमा नै सन् २०१५ सम्ममा सबैलाई साक्षर बनाउने कार्यक्रम अर्न्तगत सबैका लागि शिक्षा पनि सक्रिय भइरहेको यस अवस्थामा अनौपचारिक शिक्षा अर्न्तगतको विभिन्न कार्यक्रमहरू मध्ये प्रौढ साक्षरता पनि एक भएको र हालसम्म पनि सक्रिय रहदै आएकाले नेपालको साक्षरता अभिवृद्धिमा ठोस योगदान दिदै आएको छ (सेरिड, २०६३) ।

## १.२. समस्याको कथन

औपचारिक शिक्षाले सबैको आवश्यकता र चाहाना अनुरुप शिक्षा दिन नसकेको अवस्था तथा समाजमा उच्च-निच्च, धनी -गरीव जस्तो वर्गीय खाडल सृजना गरेको तथ्यलाई मध्यनजर गर्दै समावेशी शिक्षाको आधार सुनिश्चित गर्न राज्यले अनौपचारिक शिक्षा अन्तर्गत प्रौढ साक्षरता शिक्षामा लगानी गर्दै आईरहेको छ। यसो गरेता पनि निरक्षर प्रौढहरूलाई सतप्रतिशत साक्षर बनाउन नसकिरहेको अवस्था एकातिर देख्न सकिन्छ भने अर्को तर्फ केही पक्ष लाभान्वीत पनि भएका छन्, जसले स्व.रोजगारमूलक कार्यमा संलग्न भई जीवनयापनमा सहजता ल्याएको अध्ययनका क्रममा देख्न सकिन्छ। यति हुँदाहुँदै पनि सबै वर्ग तथा क्षेत्रका मानिसहरूलाई उनीहरूकै क्षमता, चाहाना आवश्यकता अनुसारको शिक्षा दिने परिपाटीको रूपमा अनौपचारिक शिक्षालाई वैकल्पिक शिक्षाको माध्यका रूपमा ल्याई विभिन्न कार्यक्रमहरू संचालन गरिरहदा यसप्रति अधिकांश मनिसहरूको धारणा कस्तो छ ? अनौपचारिक शिक्षामा गरिएको लगानी कत्तिको प्रभावकारी छ ? राज्यका तर्फवाट गरिएको विनियोजित रकम सम्बन्धित ठाउँमा समयमानै आइपुगेको छ छैन ? लाभान्वीत पक्षलाई सर्वसुलभ शिक्षा दिन सकिएको छ छैन ? साक्षरता शिक्षा प्राप्त गरेपछि कुनैपनि क्षेत्रमा काम गर्ने अवसर पाएका छन् छैनन् ? यसका साथै यस कार्यक्रमले लक्षित समुहलाई समेट्न सकेको छ छैन ? यस शिक्षाप्रति उनीहरूको उत्साहाजनक उपस्थिति कत्तिको प्रभावकारी छ ? कक्षा नियमित चलेका छन् छैनन् ? कक्षा सञ्चालनको वर्तमान अवस्थामा के कस्ता समस्याहरू चुनौतीको रूपमा रहेका छन् ? आदि समस्याहरूले गर्दा अध्ययनकर्तालाई पनि कौतुहलता उत्पन्न गराउने काम गरेको छ। जसको यथार्थता पत्तालगाउन र समस्या सामाधानका उपायहरू सुझाउने अभिप्रायले यो अध्ययन गरिएको छ।

## १.३. अध्ययनको औचित्य

शिक्षा विकासको बीउ हो भने मानव जीवनको अभिन्न अङ्ग र मार्गदर्शक पनि हो। विना शिक्षा मानिस बाटो विराएको यात्री जस्तै हुन्छ। मानिसको जीवनमा शिक्षा छैन भने उसको सहज जीवनयापनमा र जिविकोपार्जनमा बाधा अवरोध आउने गर्दछ। त्यसैले सहज जीवनयापनका लागि जिविकोपार्जन गर्दै

जीवन सरल बनाउनका लागि र समाजमा समायोजित हुनका लागि शिक्षाको जरुरत पर्दछ ।

अहिलेको विश्व प्रतिस्पर्धाको विश्व हो, अहिलेको विश्व द्वन्द्व-अशान्ति, अविश्वास, असमझदारी, विनाश, असहिष्णुता र रंगभेद जस्ता विविध चुनौतिहरूको सामना गर्दै अघि बढिरहेको विश्व हो । विश्व समुदायमा मानवतावाद, समानता, मैत्रिभाव, विश्ववन्धुत्व, भाइचारा विकास गराउनु आजको आवश्यकता बनेको छ । अतः साक्षरता शिक्षाले विश्ववन्धुत्व, भाइचारा र मानवतावादलाई विकास गराउन सहयोग गर्नु पर्दछ । त्यसैले विश्ववन्धुत्व, भाईचारा र मानवतावादको पक्ष एक्काइसौं शताब्दिको साक्षरताको अङ्ग भएकाले जे जसरी र जुन माध्यमबाट भए पनि मानिसलाई साक्षर र शिक्षित बनाउनु आजको आवश्यकता हो । निरक्षरता उन्मुलन गरी सतप्रतिशत साक्षर बनाउने  लक्ष्य हरेक राष्ट्रको हुन्छ ।  औपचारिक शिक्षा लिनबाट बन्चित पिछडिएका वर्ग, सुविधाविहिन वर्ग तथा असचेतवर्गलाई लक्षित गरी तिनिहरूलाई राष्ट्रिय विकासको मूलधारमा ल्याउन सके र साक्षर बनाउन सके राष्ट्रको अझ विकास र उन्नति हुने देखिन्छ । तसर्थ विविध कारणले विद्यालयीय शिक्षा लिनबाट बन्चित त्यस्ता समुहहरूको उत्थानको लागि अनौपचारिक शिक्षाअर्न्तगत पर्ने विभिन्न साक्षरता कार्यक्रमहरू मध्ये प्रौढ साक्षरता कक्षा पनि राज्यले सञ्चालन गर्दै आइरहेको छ । यसै शिलशीलामा यहाँ शोधकर्ताले अनौपचारिक शिक्षाअर्न्तगत प्रौढ साक्षरता कार्यक्रमले साक्षरता विकासमा ठोस योगदान पुऱ्याउन सकेको छ वा छैन, यसको फाइदा तथा महत्व कत्तिको छ  भनी यथार्थपरक र वस्तुपरक जानकारी प्राप्त गर्नका निम्ति शोधकार्य गरिएको छ ।

हाम्रो देशमा शिक्षा क्षेत्रमा कूल वजेटको करिव १६ प्रतिशत रकम छुट्याउने गरेको भए तापनि उक्त रकमको १.४ प्रतिशत मात्र अनौपचारिक शिक्षामा छुट्याउने गरेको तथ्याङ्क छ । विभिन्न कारणले पिछडिएका वर्ग, सुविधाविहिन वर्ग वा बीचैमा विद्यालय छोडेका वर्गलाई साक्षर वनाई उनीहरूको व्यक्तिगत जीवनलाई सुदृढ पारेर राष्ट्रिय क्षेत्रमा योगदान दिन सक्ने बनाउनु नै साक्षरता शिक्षाको उद्देश्य भएपनि अनौपचारिक शिक्षाअर्न्तगत सञ्चालित कार्यक्रमहरू प्रभावकारी बनाउन कठीन परिरहेको अवस्थामा प्रौढ साक्षरताले साक्षरता दर विकासमा कत्तिको प्रभाव छोड्न सकेको छ भनि अध्ययन गर्नु औचित्यपूर्ण हुने छ । औपचारिक शिक्षा ग्रहण गर्न

नसकेका विभिन्न आयु वर्गका व्यक्तिहरूलाई राष्ट्रिय शिक्षाको लक्ष्य प्राप्तिका निम्ति अनौपचारिक विधिबाट ज्ञान, सूचना र सीप प्रदान गर्ने क्रममा प्रौढ साक्षरताका माध्यमबाट पनि दैनिक जीवनयापनका निम्ति आवश्यक पर्ने कार्यमूलक ज्ञान र सीप प्रदान गर्दै निरक्षरतामा कमी ल्याउन सकिन्छ भन्ने यथार्थतालाई औल्याउन यस अध्ययनमा शोधकर्ताले अनौपचारिक शिक्षा केन्द्र अन्तर्गत सञ्चालित प्रौढ साक्षरता कार्यक्रमले साक्षरता विकासमा ठोस योगदान पुऱ्याउन सकेको छ वा छैन भनी शोधकार्य गरिएको छ । यो अनुसन्धान अनौपचारिक शिक्षाले साक्षरता विकासमा पुऱ्याएको योगदानको सम्बन्धमा समसामयिक भएको हुँदा अनौपचारिक शिक्षा तथा साक्षरता अभियान सम्बन्धी सरोकारवालाहरूलाई सहयोग गर्नेछ । साथै प्रौढ साक्षरता विकासमा अनौपचारिक शिक्षा कार्यक्रमको प्रभावकारिता जान्न खोज्ने सम्बन्धित सबै पक्षलाई विशेष सहयोग पुग्ने भएकोले यो अध्ययन औचित्यपूर्ण हुने छ । अनौपचारिक शिक्षा तथा प्रौढ साक्षरता सम्बन्धी विभिन्न शोधकर्ताहरूले बिगतमा गरेको शोध मोरङ जिल्लाको कटहरी गा.वि.स.को बारेमा नगरेको पाइएकोले यस विषयप्रति शोधकर्ताको विशेष रूची रहेको छ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्यहरू निम्नलिखित छन् :

(क) प्रौढ साक्षरता कार्यक्रमको लेखाजोखा गर्नु ।

(ख) प्रौढ साक्षरता कार्यक्रमको प्रभाव विश्लेषण गर्नु ।

(ग) प्रौढ साक्षरता कार्यक्रममा देखिएका समस्याहरू पहिचान गर्नु ।

(घ) प्रौढ साक्षरता कार्यक्रम प्रभावकारी बनाउने उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अनुसन्धानले निम्नलिखित प्रश्नहरूको जवाफ दिन सहयोग गर्ने छ ।

(क) प्रौढ साक्षरता कार्यक्रमहरू कसरी संचालन गरिएका छन् ?

(ख) प्रौढ साक्षरता कार्यक्रमले निरक्षरहरूलाई अक्षर चिनाउन कत्तिको सहयोग गरेको छ ?

(ग) यस कार्यक्रमलाई थप प्रभावकारी बनाउन के गर्नु पर्ला ?

(घ) यस कार्यक्रममा के-कस्ता समस्याहरू  छन ?

(ङ) समस्या समाधानका निम्ति कस्ता उपायहरू अपनाउनु पर्ला ?

(च) प्रौढ शिक्षाले साक्षरतादर वृद्धिमा कस्तो सहयोग गर्दै आएको छ ?

(छ) प्रौढ साक्षरता कार्यक्रम वर्तमान समयमा कत्तिको प्रभावकारी छ ?

## १.६. अध्ययनको परिसीमा

सीमित स्रोत साधन र समयका कारण अध्ययनलाई बृहत रूपमा लैजान सकिएको छैन । यस अध्ययनलाई मोरङ जिल्ला कटहरी गा.वि.स.का ४ वटा वडाका ४ वटा समुदायमा सञ्चालित प्रौढ साक्षरता कार्यक्रममा सीमित गरिएको छ भने उक्त समुहका सहभागी शिक्षक, अभिभावक, सहभागी विद्यार्थीहरू तथा सञ्चालकहरूमा सीमित गरिएको छ । साथै विगत वर्षको शैक्षिक उपलब्धि लेखाजोखा गर्दै अनौपचारिक शिक्षाले प्रौढ साक्षरता अभिवृद्धिमा पुऱ्याएको योगदानको प्रभावकारिताको अध्ययनमा यो शोध केन्द्रित गरिएको छ ।

## १.७ पारिभाषिक शब्दावलीहरू

एण्ड्रागोजी: प्रौढहरूलाई दिइने शिक्षा

इन्सेक : अनौपचारिक शिक्षा केन्द्र

लक्षित समूह: १५ वर्षदेखि ६० वर्ष उमेर समूहका युवा, प्रौढ, महिला तथा पुरुषहरू ।

साक्षर: आफ्नो मातृभाषा वा राष्ट्रभाषामा लेखिएका दैनिक जीवनसँग सम्बन्धित छोटा र साधारण वाक्यहरू बुझेर लेखपढ गर्न सक्ने, बुझेका कुरा राम्ररी सञ्चार गर्न सक्ने तथा साधारण हरहिसाब गर्न सक्ने व्यक्ति ।

मन्त्रालय: शिक्षा मन्त्रालय

केन्द्र: अनौपचारिक शिक्षा केन्द्र

क्षेशिनि: क्षेत्रीय शिक्षा निर्देशनालय

जिशिका: जिल्ला शिक्षा कार्यालय

जिशिअ: जिल्ला शिक्षा अधिकारी

विनि: विद्यालय निरिक्षक

आधारभूत प्रौढ साक्षरता: विद्यालय शिक्षाको अवसर नपाएका १५-६० वर्ष उमेर समूहका निरक्षर पुरुष तथा महिलाका लागि सञ्चालन गरिने साक्षरता कार्यक्रम

कक्षा केन्द्र: साक्षरता कक्षा सञ्चालन हुने केन्द्र

जिविस: जिल्ला विकास समिति

नपा: नगारपालिका

गाविस: गाउँ विकास समिति

स्थानीय निरीक्षक: साक्षरता कक्षा निरीक्षण गर्नका निम्ति नियूक्त व्यक्ति

साक्षरता स्वयम्सेवक: साक्षरता कक्षा सञ्चालनका लागि नियूक्त व्यक्ति

राशिपयो : राष्ट्रिय शिक्षा पद्धतिको योजना

अभिभावक: अध्ययनरत विद्यार्थीहरूको प्रमुख

वैकल्पिक: परिपूरकको रूपमा

RP Resource Person

NFE Non-formal Education

NNEC National Non-formal Education Council

CERID Research Centre for Educational Innovation and Development

CLC Communtity Learning Centre

B.Ed. Bachelor in Education

| | |
|---|---|
| S.L.C. | School Leaving Certificate |
| NGO | National Government Organization |
| INGO | International Non-Government Organization |

# परिच्छेद दुई :सम्वन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

## २.१. सम्वन्धित साहित्यको पुनरावलोकन

शिक्षा मन्त्रालय, (२०६६) अनुसार, विभिन्न उमेर र वर्गका व्यक्तिहरूलाई उनीहरूको आवश्यकता अनुरूपको प्राज्ञिक तथा व्यावहारिक ज्ञान, सीप र सूचना प्रदान गर्न अनौपचारिक शिक्षाको विस्तार गरी प्रौढ, महिला र युवाहरूलाई साक्षर बनाउनु पर्ने उल्लेख गरेको छ । बैकल्पिक विद्यालय शिक्षा मार्फत विद्यालय जान नपाउने र बीचैमा विद्यालय छाड्नेहरूलाई विद्यालयीय शिक्षाको अवसर प्रदान गराउनका साथै विद्यालयीय शिक्षामा जान नसक्नेहरूकालागि व्यावसायिक शिक्षाको प्रवन्ध र सचेतनाका लागि मौखिक साक्षरता अभियान सञ्चालन गर्ने नीति लिएको छ । यसले शारीरिक श्रम गरी जीवनयापन गर्नु पर्ने समुहलाई आफ्नो लक्षित समुह बनाई तिनलाई परामर्श सेवा, तालिम र प्राज्ञिक सहयोग गर्नुका साथै लैङ्गिक, भाषिक, जात विशेष, जातिय, भौतिक एवम् आर्थिक समस्या भएका बालबालिका, युवा, प्रौढ तथा महिलाहरूका आवश्यकताहरू पूरा गर्ने अभिप्रायले समय सापेक्ष अनौपचारिक शिक्षाका कार्यक्रमहरू कार्यन्वयन गर्दै जाने नीति लिएको छ (अनौपचारिक शिक्षा नीति, २०६३) ।

लुइटेल (२०५८) का अनुसार शिक्षा विकासको प्रारम्भिक कालदेखि नै नेपालमा अनौपचारिक शिक्षाको थालनी भए तापनि चौथो योजना सम्म यसलाई प्रौढ शिक्षा र प्रौढ साक्षरतामा सीमित गरिएको देखिएको छ भने पाचौं योजना देखि साक्षरता प्रतिशत बढाउने कडीका रूपमा लिइएको छ । त्यसैगरी आठौं योजनादेखि साक्षरता शिक्षालाई सीप विकासमा जोड दिएको छ भने नवौं योजनाले राष्ट्रिय अभियानका रुपमा लगी साक्षरतादर बृद्धि गर्ने उद्देश्य बमोजिम विभिन्न कारणले औपचारिक शिक्षा लिनबाट बन्चित बालबालिकाहरूलाई समावेश गर्ने नीति लिएको छ । वर्तमानमा त्री-वर्षीय योजना लिई बाह्रौं योजना कार्यान्वयनमा छ । जसको उद्देश्य आगामी योजनाको अन्त्य सम्म देशमा साक्षरता शत प्रतिशत पुऱ्याउने दीर्घकालीन राष्ट्रिय लक्ष्य बोकेको छ (लुइटेल २०५८ बाट उदृत) ।

खनाल (२०६२) ले Role of non-formal education on poverty reduction शीर्षक अर्न्तगत एम.एड. द्वितीय बर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आवश्यकता पूर्तीका लागि सुकुना बहुमुखी क्याम्पसमा गरिएको शोधपत्र अनुसार प्रौढ साक्षरता कार्यक्रम मार्फत आयआर्जन सम्बन्धी सीपहरू प्रदान गरी प्रौढहरूलाई स्वालम्बी बनाउन सकिने, जीवनशैलीमा परिवर्तन गराउन सकिने प्रौढहरूको रुची, चाहना र आवश्यकता अनुसार शिक्षा दिन सकिन, जसले उनीहरूको जीवनशैलीमा परिवर्तन ल्याई परिवार, गाउँ तथा राष्ट्रकै गरिबी निवारणमा प्रत्यक्ष एवम् परोक्ष रुपमा सहयोग पुग्ने कुरा उल्लेख गर्नु भएको छ (खनाल २०६२, अप्रकाशित कृतिमा उदृत) ।

गुरागाईँ (२०६७) ले उल्लेख गुर्न भए अनुसार विद्यालयको पहुँच भन्दा बाहिर रहेका र विभिन्न कारणले बीचैमा विद्यालय छोड्न बाध्य बालबालिका, वयस्क तथा निरक्षर प्रौढहरूलाई साक्षर बनाई उनीहरूको शिक्षा पाउने नैसर्गिक अधिकारको प्रत्याभूति गर्ने तथा सबैका लागि शिक्षाको प्रत्तिबद्धता पूरा गर्ने सन्दर्भमा अनौपचारिक शिक्षा कार्यक्रम उपयोगी देखिएको कुरा उल्लेख गर्नु भएको छ भने यस्तो शिक्षा सरोकारवालामूखी, लचिलो समय सान्दर्भिक, सहभागी केन्द्रित, पाठ्यसामग्री पहुँचयोग्य स्थान आदिमा ध्यान दिँदै सञ्चालन गरिएको देखाइएको छ (गुरागाईँ २०६७, मा उदृत) ।

काफ्ले र साथीहरू (२०६३) का अनुसार अनौपचारिक शिक्षाको मूल लक्ष्यहरूमा विद्यालयका लागि दोस्रो अवसर प्रदान गर्ने, ज्ञानको आधार सृजना गर्ने, सीपको आधार सृजना गर्ने, सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक एवम् शैक्षिक दृष्टिकोणले उत्पिडीत र उपेक्षितहरूमा सशक्तिकरणको अनुभूती सृजना गर्ने, अरुद्वारा सञ्चालित कार्यक्रमको सुक्ष्म विश्लेषण गर्ने र अनौपचारिक शिक्षाको रूपमा बहश गर्ने रहेका छन् । यसका लागि औपचारिक शिक्षा लिनबाट बन्चित, बीचैमा विद्यालय छाडेका र आफ्नो इच्छा, आवश्यकता र चाहाना पूरा गर्न नसकेका सवै वर्ग, क्षेत्र जातजातिका मानिसलाई समानुपातिक ढङ्गले शिक्षा क्षेत्रमा समावेश गराउँन एक सशक्त माध्यमका रूपमा अनौपचारिक शिक्षाले आफ्नो कार्य प्रारम्भ गरेकोछ (काफ्ले र साथीहरू २०६३ मा उदृत) ।

शर्मा एण्ड शर्मा (२०६३) अनुसार साक्षरता भनेको अक्षर चिन्नु पढ्न लेख्न जान्नु र साधारण हरहिसाब गर्न सक्नु भन्ने मान्यताका आधारमा साक्षरता सम्बन्धी विभिन्न कार्यक्रमहरू अघि सार्दै आएको युनेस्कोले साक्षरता भनेको आधारभूत आवश्यकता पूरा गर्न सचेत बनाउने माध्यम हो, भनी जोड दिदै आएको छ। यसै सन्दर्भमा युनेस्कोले विभिन्न समयमा विभिन्न तरिकाले साक्षरतालाई परिभाषित गर्दै आइरहेकोमा १९८० मा सबै प्रकारका सिकाईका रूपहरूको आधारभूत औजार मानेको छ भने सामाजिक, साँस्कृतिक, राजनीतिक र आर्थिक क्रियाकलापहरूमा सहभागी बन्ने र जीवनभर सिकाई सिकिरहनेहरूको पूर्वाधार हो भनेको छ । त्यसैगरी साक्षरताई पढाई र लेखाइ भन्दा बढी समाजमा सञ्चार गर्न सिकाउने माध्यम मान्दै एक्काइसौं सताब्दिको सबैभन्दा आधुनिक परिभाषा जान्नका लागि सिक्नु, गर्नका लागि सिक्नु, बन्नका लागि सिक्नु र सहजीवनका लागि सिक्नु जस्ता चारवटा अङ्गहरूलाई साक्षरता मानेको छ (शर्मा एण्ड शर्मा २०६३ मा उदृत)।

श्रेष्ठ,(२०६२) का अनुसार नेपालको सन्दर्भमा विभिन्न कारणले विद्यालय जान नसकी पढ्ने लेख्ने अवसरबाट वन्चित रहेका १५-४५ वर्ष सम्म उमेरका युवा, प्रौढ महिला तथा पुरुषहरूलाई आधारभूत साक्षरता सहितको सीप प्रदान गर्ने उद्देश्यले नेपाल सरकार तथा खेलकुद मन्त्रालयले अनौपचारिक शिक्षा केन्द्र मार्फत सञ्चालन गर्दै आएका कार्यक्रमहरू मध्ये प्रौढ साक्षरता र महिला साक्षरता कार्यक्रमहरू प्रमुख रहेको दर्शाएका छन्। उनले प्रौढ साक्षरता कार्यक्रम नेपालको १३ जिल्लामा सञ्चालित रहेको र महिला साक्षरता प्रथम र दोस्रो देशको ७५ वटै जिल्लामा सञ्चालित रहेका यी कार्यक्रमले । साक्षरता विकासका लागि १५ वर्ष देखि माथिका युवा, युवती तथा प्रौढहरूलाई शिक्षाप्रति आर्कषित गर्न उत्प्रेरणा दिने, पृष्ठपोषण प्रदान गर्ने र निरक्षरता न्यूनिकरणमा सहयोग गर्ने जस्ता उल्लेखनीय भूमिका निभाउँदै आएको छ (श्रेष्ठ, २०६२ मा उदृत)।

शिक्षामन्त्रालय, (२०६६) अनुसार नेपालमा राष्ट्रिय साक्षरता अभियान कार्यक्रम आगामी वर्ष २०६५/०६६ देखि कार्यान्वयनमा ल्याइएको छ। १५-६० वर्ष उमेर समुहका युवा, प्रौढ, महिला तथा पुरुषलाई लक्षित गरी ल्याइएको उक्त कार्यक्रमले विद्यालय शिक्षाको अवसर नपाएका निरक्षर पुरूष तथा महिलाहरूका लागि आफ्नै मातृभाषा वा राष्ट्र भाषामा लेखिएका दैनिक जीवनसँग सम्बन्धित छोटा र साधारण वाक्यहरू बुझेर लेख्पढ् गर्न सक्ने

र बुझेका कुरा एकआपसमा राम्ररी सञ्चार गर्न सक्ने तथा साधारण हिसाब गर्न सक्ने व्यक्ति निर्माणका लागि राष्ट्रिय साक्षरता शिक्षा अभियान कार्यक्रम सञ्चालन गर्दै आएको कुरा उल्लेख गरेको छ । उक्त अभियानले अनौपचारिक शिक्षा केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरूलाई व्यवस्थित र प्रभावकारी वनाउनु,पर्ने कार्यक्रम सञ्चालन गर्ने व्यक्ति तथा निकायलाई सरल किसिमबाट कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याउनु पर्ने र कार्यक्रम सञ्चालन सँग सम्बद्ध व्यक्ति तथा निकायको भूमिका स्पस्ट पार्नु पर्ने वताएको छ (राष्ट्रिय साक्षरता अभियान कार्यक्रम, २०६६ मा उदृत) ।

राई,(२०६७), साक्षरत विकासमा अनौपचारिक प्रौढ साक्षरता कार्यक्रमको प्रभाव शीर्षक अर्न्तगत एम.एड. द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आवश्यकता परिपूर्तिका लागि तायार गरिएको शोधपत्र अनुसार प्रौढ साक्षरता कार्यक्रमको वर्तमान अवस्था पहिचान गरी प्रभावकारिता लेखाजोखा गर्ने उद्देश्यमा आधारित यो कार्यक्रम अति महत्वपूर्ण हुँदाहुदै पनि राज्यका तर्फबाट थोरै मात्र रकम विनियोजित गर्नु, कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित नबनाउनु, समााजका मानिसहरूको धारणा नकारात्मक हुनु, साक्षरता कक्षाको निरीक्षण र अनुगमन प्रभावकारी नहुनु जस्ता समस्याहरू उल्लेख गरेका छन भने यसका लागि आफ्नो रुची, चाहना, आवश्यकता र समयानुसार स्वतन्त्र ढङ्गले शिक्षा लिन चाहनेहरूका लागि अनौपचारिक शिक्षा कार्यक्रमको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाई साक्षरतादर विकास गर्नु नितान्त सान्दर्भिक हुने कुरा उल्लेख गरेका छन् (राई, २०६७ को अप्रकाशित कृतिमा उदृत) ।

साक्षरता विशेषाङ्क (२०६६) अनुसार, “सबैका लागि शिक्षा” भन्ने डाकार घोषणापत्रमा नेपालले पनि प्रतिवद्धता जनाएअनुरुप सन् २०१५ सम्ममा सतप्रतिशत निरक्षर जनसङ्ख्या साक्षर गर्ने वा सन् २००० को तुलनामा ५० प्रतिशत निरक्षरता न्यून गर्ने संकल्प सहित तीनवर्षीय अन्तरिम योजना (२०६४-६७) मा व्यक्त गरिएको शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गरी साक्षर बनाउनु तथा परिवर्तित राजनीतिक पृष्ठभूमिमा नेपाल सरकारद्वारा आ.व. २०६५/०६६ को बजेटभाषण मार्फत आगामी २ वर्षमा निरक्षरता उन्मूलन गर्न राष्ट्रिय साक्षरता अभियान कार्यक्रमको घोषणा भएको हो । विभिन्न कारणले विद्यालय जान नसकेका १५ वर्ष देखि ६० वर्ष उमेरका प्रौढ महिला तथा पुरुषहरूलाई लक्षित गरी साक्षर बनाउन राष्ट्रिय साक्षरता अभियान २०६५ सञ्चालन गरिएको यो अभियान २०६५ साल माघ १ गतेदेखि र २०६६ बैशाख १ गते देखि सञ्चालन गरिएको छ ।

२०६५/०६६ साल गरी दुई वर्ष भित्रमा ७८ लाख निरक्षरलाई साक्षर बनाउने लक्ष्य राखिएको उक्त कार्यक्रम एक चरणमा तीन महिनाको हुने यो कार्यक्रम दैनिक २ घण्टाका दरले ७५ दिनमा १५० घण्टा कक्षा सञ्चालन हुने व्यवस्था छ । (साक्षरता विशेषाङ्क, २०६६)

घिमिरे ,(२०६५) का अनुसार प्रौढ साक्षरताको शिक्षण विधिलाई एन्ड्रागोजी भनिन्छ । स्व-निर्देशित, सहभागितामूलक, आत्मानिर्भर र आफैं उत्पादन गर्ने सिद्धान्तमा आधारित एन्ड्रागोजी को लक्ष्य प्रौढहरूको अनुभव सङ्कलन गर्नु, सङ्गठित गर्नु र विकास गर्नु रहेको छ । साक्षरताले सीप विकासमा सहयोग पुऱ्याई प्रौढहरूलाई क्षमता प्रदान गर्ने भएकाले अनौपचारिक शिक्षा मार्फत प्रदान गराईने प्रौढ साक्षरताले विभिन्न सीपमूलक, आयआर्जनमूलक र स्व-रोजगारमूलक कार्यक्रमहरू उपलब्ध गराई अर्थोपार्जनमा सरिक गराउनु पर्दछ । अर्थोपार्जन गरिवी निवारणको मूल आधार हो । त्यसैले विश्वमा देखिएको विपन्नता समाधानको बाटो, समाज र राष्ट्रको विकासको पहिचान गराउने राष्ट्रिय विकासको प्रथम सूचकका रूपमा प्रौढ शिक्षालाई लिइन्छ । यसको प्रयोगले व्यवसायिक सीपहरूप्रति दक्षता, निपूर्णता प्राप्त गराउनका साथै व्यक्तिका व्यक्तिगत, सामाजिक, आर्थिक भौतिक एवम् मनोवैज्ञानिक आवश्यकताहरू समेत पूरा गर्न सफल भएको छ (घिमिरे , २०६५ मा उदृत) ।

उपर्युक्त साहित्यहरूको पुनरावलोकन गर्दा गरिबी, चेतनाको अभाव, मजदुरी गर्नु पर्ने बाध्यता, वैकल्पिक शिक्षा कार्यक्रमको अभाव, उचित समय र वातावरणको व्यवस्थापन बिना नै कक्षा सञ्चालन गरिनु तथा औपचारिक विद्यालयहरूले सबै व्यक्तिहरूलाई सम्बोधन गर्न नसक्नु जस्ता कारणहरूले सर्वसुलभ पठनपाठनको अवसर प्रदान गर्न अनौपचारिक शिक्षाको माध्यमद्वारा व्यक्तित्व विकास गरी गुणस्तरीय जीवन यापनका निम्ति आवश्यक ज्ञान तथा सीप प्रदान गराउन सक्दछ भन्ने मान्यताका आधारमा अनौपचारिक प्रौढ साक्षरताको वर्तमान अवस्था, सञ्चालनको प्रभावकारिता लेखाजोखा र समस्याहरूको पहिचान गरी निरकरणका उपायहरू सुझाउने मूख्य उद्देश्य राखी यो शोध अगाडि बढाइएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक ढाँचा

कुनै पनि विषयको अध्ययनका लागि त्यस विषयसँग मिल्ने बिचार र सिद्धान्तको आवस्यकता पर्दछ । अध्ययनलाई व्यवस्थित तरिकाले लैजानका लागि केही सिद्धान्तहरूको

अवलोकन गर्नुपर्ने भएकाले यस शोधकार्यलाई अगाडि बढाउन इभान इलिचको विद्यालय विहिन समाज र पाउलो फ्रेरेको उत्पिडीत वर्गका लागि शिक्षा नामका दुई वटा सिद्धान्तहरूलाई अध्ययनको सैद्धान्तिक ढाँचाको रूपमा लिईएको छ ।

इलिच (१९९०)मा प्रकाशित विद्यालय विहिन समाज ( Deschooling society) नामको पुस्तकमा लेखकले विद्यालय विहिन शिक्षाको (समाजको) अवधारणा अघि सारे । उनी भन्छन शिक्षा सुविधायोगी वर्गका व्यक्तिहरूको हातको वस्तु जस्तै भएको छ यसले सामान्य जनतालाई फाइदा दिन सकेन तसर्थ शिक्षामा देखा परेको स्थिरता, औपचारिकता, शिक्षक वा पेशागतता खतम पार्नु पर्दछ , विद्यालय उन्मूलन गर्नु पर्छ, विद्यालयबाट शिक्षालाई अलग गरिनु पर्दछ । यस्ता विचारहरू दिएका उनले एउटा सिङ्गो समाजलाई नै एउटा ठूलो कक्षा पार्नुपर्दछ र शिक्षा परिवार र समाजले प्रदान गर्नु पर्दछ भन्ने तर्क उल्लेख गरेका छन् ।

उनले आफ्नो पुस्तक द्वारा संस्थागत शिक्षाबाट हुने मानवीय शोषणको चित्र पर्दाफास गर्दै भनेका छन्, अहिलेको शिक्षा प्रणाली सामाजिक एकतालाई भङ्ग गर्ने वर्गविभेदीकरण मूखी छ, यसले समाजमा रहेका मानिसहरूमा उच्च-निच्च, धनी-गरीब बीचको खाडल गहिरो बनाउने कार्य गरेको छ । विद्यालय शिक्षाको जति प्रभाव बढ्दैछ त्यतिनै समाजमा द्वन्द्व दिनदिनै चर्कदै छ । विद्यालयीय शिक्षा तल्लो वर्गका लागि प्रवेश ढोकामा ताल्चा मार्नु जस्तै भएको छ । फाइदा कुम्लयाउनेका लागि प्रमाणपत्र व्यावसायको हतियार भएको छ भने व्यक्तिको क्षमता उकास्नुको सट्टा मोलमोलाइको चाँजोपाँजो मिलाउने साधन भएको छ । उनले विद्यालयीय शिक्षाको आलोचना गर्दै अझ भनेका छन् की औपचारिक शिक्षा असमानताको सृजना गर्ने औजार हो, यसले केही सीमित व्यक्तिहरूलाई मात्र तर चाट्ने मौका प्रदान गरेको छ । वर्तमान निरक्षर समाज शिक्षित भनाउदाको साम्राज्य भएको छ । एकातिर उपल्लो वर्ग सम्मानजनक जीवन, उच्च आर्थिक हैसियत र उच्च संस्कृतिको उपभोगमा रमाइरहेका छन् भने तल्लो वर्ग अभावै अभावमा छट्पटाईरहेका छन्, यस्तो असमानता सृजना गर्ने, माथिल्लो तथा धनी वर्गले मात्र उपभोग गर्न पाउने विद्यालयीय शिक्षाको केही आवश्यकता छैन भन्ने उनको यस सिद्धान्तले औपचारिक शिक्षालाई उपल्लो तथा पिछडीएको परिवार र समाजमा हस्तान्तरण गर्नु पर्दछ , जसले अ-आफ्ना छोराछोरीलाई सम्मानजनक शिक्षा प्रदान गराउन सकुन भन्ने सन्देश दिएकाले यस अध्ययनमा पनि औपचारिक शिक्षा ग्रहण गर्नबाट बन्चित व्यक्तिलाई वैकल्पिक शिक्षाको

आश्यकता कत्तिको प्रभावकारी छ भन्ने कुरामा केन्द्रित गरिएको छ (अधिकारी, २०६५ मा उदृत) ।

फ्रेरे, (१९७२) मा प्रकाशित उत्पिडीत वर्गकालागि शिक्षा नामक कृतिमा लेखकले शिक्षाले चेतना विकास गर्नु पर्दछ, किनकी शिक्षा सचेतीकरणको प्रक्रिया हो । शिक्षाले उत्पिडीत वर्गलाई मुक्ति दिनुपर्दछ, शिक्षा मुक्तिका लागि हुनु पर्दछ, अहिलेको शिक्षा बैंकमा पैसा थुपारेर त्यसबाट ब्याज खाए जस्तै भएको छ भन्दै औपचारिक शिक्षामा वैंकिङ्ग धारणा भन्ने कुरा अघी सारे । यसलाई हटाउनका लागि औपचारिक शिक्षण, शिक्षक, शिक्षार्थी, शिक्षणविधि जस्ता कुराहरू हटाउनु पर्दछ,। अराजकतावादीले गरे झैं शिक्षाको भण्डाफोर गरेको उक्त कितावमा समाजिक संरचनाको रौं चिर विश्लेषण गर्नु पर्दछ, भन्ने तर्क प्रस्तुत गरेका छन् । अहिले भइरहेको पठनपाठन प्रक्रियालाई बैंकिङ्ग प्रणालीसँग तुलना गर्दै शिक्षकको टाउकोबाट विद्यार्थीको टाउकोमा खन्याउने नीति भएको शिक्षा भनि खिल्ली उडाएका छन् ।

औपचारिक शिक्षा शिक्षार्थीको सृजनात्मक क्षमताको वास्ता नगर्ने वा प्रतिभा मारिदिने प्रणाली हो भन्ने मान्यता स्थापित गर्ने उनले शिक्षकलाई उदार मानवतावादी र जनपक्षीय बन्नका लागि सहभागिता मूलक शिक्षा प्रणालीको विकास गर्न जोड दिएका छन् । शिक्षार्थीको सृजनात्मक क्षमतालाई उपभोग गर्ने नीति अख्तियार गरी सशक्तिकरण प्रक्रिया सुरू गर्ने फ्रेरेले शिक्षार्थीलाई समाज विश्लेषक र आफ्नो हकहितकालागि सामुहिक कार्य गर्न सदा उद्धत हुने समुहको रूपमा विकसित गर्दै गरीब, निमुखा र शक्तिहिनहरूलाई “धन होइन न्याय चाहियो” भनी माग्नका लागि तयार पार्ने शैक्षिक संरचनाको शुरुवात गरिदिएका छन् । औपचारिक शिक्षाको पाठ्यक्रमलाई तयार गरिएको खाना , शिक्षकलाई एकाहोरो पण्डित्याँई छट्ने व्यक्ति, कागज र कलमबाट मात्र लिइने परीक्षालाई अव्यावहारिक परीक्षा प्रणालीको उपमा दिएका फ्रेरेले छलफलमूखी पाठ्यक्रम, अर्न्तक्रिया र संबादमा जोड दिने शिक्षक र व्यावहारिक परीक्षा प्रणाली संचालन गर्नुपर्ने कुरामा जोड दिएका छन् । मूक्ति स्वतन्त्रताको शिक्षा विद्यालयी शिक्षाले दिन सक्दैन यसका लागि अनौपचारिक शिक्षा चाहिन्छ भन्दै अनौपचारिक शिक्षाले मात्र विद्यार्थीमा अर्न्तदृष्टिको विकास गराई मूक्ति र स्वतन्त्रता दिलाउँछ भन्ने सन्देश दिएका उनले आफ्नो कृतिमा शंघर्षशील समाजको परिकल्पना गर्दै शिक्षाले व्यक्तिमा आशा जगाउनु

पर्दछ, संघर्ष हटाउनु पर्दछ, सहसम्बन्ध बढाउनु पर्दछ त्यसका लागि अनौपचारिक शिक्षा सान्दर्भिक हुने बताएका छन् (श्रेष्ठ (२०५८) मा उदृत) ।

यस अध्ययनमा पनि सोहि अनुरुप नै औपचारिक शिक्षावाट वन्चित व्यक्तिहरूका लागि आफ्नो रुची, आवश्यकता र दक्षता अनुरुप अनौपचारिक शिक्षाको माध्यमवाट साक्षरताका कक्षाहरू सन्चालन गर्दा शिक्षा प्राप्त गर्ने अवसरवाट बन्चित व्यक्तिहरूमा शिक्षा प्रति अभिप्रेरणा जगाई सहजजीवन निर्माण गर्न सकिने प्रौढ साक्षरता शिक्षा प्रति नियमितता र सकारात्मक चासो दिन सहयोग गर्ने भएकोले यो सैद्धान्तिक खाकालाई आत्मसाथ गरी अध्ययन कार्य अघि वढाइएको छ ।

## २.३ शैक्षिक उपादेयता

मानिसको क्षमता अभिवृद्धि गर्ने प्रमुख साधन शिक्षा हो । शिक्षा चाहे औपचारिक होस या अनौपचारिक यसको उद्देश्य मनिसमा कार्य दक्षता, क्षमता एवं सीप अभिवृद्धि गर्नु हो । औपचारिक शिक्षाले मानव स्रोत वा जनशक्ति उत्पादनमा जोड दिइरहेको भएता पनि  उत्कृष्टताका साथ सम्पूर्ण पक्षलाई शिक्षाको पहुँचमा ल्याउन नसकेको देखिएको परिप्रेक्ष्यमा अनौपचारिक शिक्षा औपचारिक शिक्षाको विरोधी हैन सहयोगी भएर कहिले देखि आयो र कस्ता कस्ता कार्यक्रमहरू ल्याएर आफ्नो प्रभाव छोड्न सक्यो भन्ने सन्दर्भमा यो अध्ययन आधारित भएकाले अध्ययनका क्रममा विभिन्न शिक्षाविद्वहरूका लेख, रचना, पुस्तिका, सिद्धान्त ऐन कानुन, नियमावली, विद्वानका भनाइहरू तथा विचारहरूको अध्ययन गरी गहिराई सम्म पुग्न ठूलो मद्दत पुगेको छ ।

वर्तमान समाजमा चलिरहेको औपचारिक शिक्षा प्रणालीले समाजका सबै वर्ग र जातजातीका मानिसहरूलाई समेट्न नसकेको प्रति व्यङ्ग्य प्रहार गर्दै इभानइलिचले प्रकाशित गर्नुभएको कृति विद्यालयविहिन समाज ले समाजमा मौलाएको बर्गीय खाडल र विभेदीकरण प्रथालाई रोक्न अनौपचारिक शिक्षा प्रभावकारी बन्ने हेतुले ल्याइएकोछ भने शिक्षाका विभिन्न कार्यक्रमहरू मध्येको प्रौढ साक्षरताले निरक्षरता न्यूनिकरणमा सहयोग पुऱ्याएको कुरा उल्लेख गरिएकोछ ।

संस्थागत शिक्षाबाट हुने मानवीय शोषणको पर्दाफास गराई विश्वव्यापी रूपमा अनौपचारिक शिक्षालाई कार्यान्वयनमा ल्याउन सकिन्छ भन्ने फ्रेरेको चिन्तनको धारमा वनेको अनौपचारिक शिक्षाले व्यक्तिलाई मानवतावादी, न्यायमुखी, जनमुखी शोषित एवं

पिडीतमुखी बनाउन सक्ने भनिएको छ । यस दृष्टिकोणले आर्थिक, सामाजिक र शैक्षिक रुपमा पछि परेका व्यक्तिहरूलाई सर्वसुलभ र व्यावहार मूलक शिक्षा प्रदान गर्न सके राष्ट्रमा भएको निरक्षरतादर न्यूनिकरण गर्न सक्ने कुरामा जोड दिएको छ । पाठ्यक्रमलाई कुकफुड भन्ने विचारकहरूलाई जनताले जाने बुझेको र भोगेकै विषयमा छलफल गरेर गहिरिदै जाने पाठ्यक्रम तर्फ डोऱ्याई विद्यार्थीलई समाज विश्लेषक बनाउने शिक्षण विधिको शुरुवात गरिदिएको छ ।

तसर्थ यी सामग्रीहरूको अध्ययनले प्रौढ साक्षरता अनौपचारिक शिक्षाको ऐतिहासिक पृष्ठभूमि देखि वर्तमान अवस्था  र प्रौढ साक्षरताका बारेमा गहिरिएर बुझ्ने अवसर प्रदान गर्नुका साथै प्रौढहरूको अनुभव, उमेर, चिन्तनशैली, शिक्षाप्रतिको चाहना र व्यवस्थापनबारे बुझ्ने अवसर प्राप्त गर्न सहयोग गरिदिएको छ । निरक्षर प्रौढहरू उत्पादन वढाउने माध्यम हुन उनीहरूलई साक्षरता शिक्षाका साथै स्वस्थ्य, घरेलु , उद्योग, औद्योगिक सीपहरूमा तालिम दिई उनीहरूको जीवनस्तर उकास्नलाई मार्गदर्शन गर्नु पर्दछ भन्ने सन्देश दिएका यी कृतिहरूको अध्ययन पश्चात शिक्षा विकासका लागि शैक्षिक कार्यक्रम चाहे औपचारिक होस् या अनौपचारिक यसका लागि राष्ट्रिय अनौपचारिक सेवा केन्द्रले साक्षरता सेवा केन्द्रको अवधारणालाई अवलम्बन गरी आफ्नो भूमिका प्रष्ट पार्नु पर्दछ भन्ने सन्देश छोड्न यस शोधलाई सहयोग पुऱ्याएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१. अनुसन्धान ढाँचा

यो अध्ययन अनौपचारिक शिक्षाले प्रौढ साक्षरतामा पारेको प्रभावसँग सम्वन्धित भएकाले यो शोधकार्य मूख्यत गुणात्मक ढाँचामा आधारित रहेको छ । विषयवस्तुको अध्ययनसँग सम्बन्धित प्रश्नहरूको व्याख्याका लागि आवश्यकता अनुसार परिमाणात्मक र गुणात्मक मिश्रीत ढाँचा प्रयोग गरिएको छ ।

## ३.२. जनसङ्ख्या

मोरङ जिल्ला कटहरी गा.वि.स.का नौँ वटा वडाहरू मध्ये अनौपचारिक शिक्षा अर्न्तगत प्रौढ साक्षरताका कक्षाहरू सञ्चालन भएका नौँ वटै वडाहरू रहेका छन् । ती वडाहरू मध्ये चार वडाका चार समुहका सहयोगी शिक्षक, अभिभावक, सहभागी विद्यार्थीहरू, स्रोत व्यक्ति लगायत स्थानीय निरीक्षकहरूलाई नमूना जनसङ्ख्याका रूपमा छनौट गरिएको छ ।

## ३.३. नमूना छनौट विधि र नमूनाको आकार

नमूना छनौट प्रक्रियानै यस शीर्षकको मुख्य अंग भएकाले यस अध्ययन कार्यलाई पूरा गर्नकालागि अध्ययनमा समेटिएका जनसङ्ख्याहरूलाई सम्भावनायूक्त नमूना छनौट विधि प्रयोग गरी छनौट गरिएको छ । अध्ययनका लागि छनौट भएका जनसङ्ख्याहरूमा चारवटा वडाका चारसमुहमा सञ्चालन भइरहेको प्रौढ साक्षरता कार्यक्रममा समावेश भएका सहयोगी शिक्षक, सहभागी विद्यार्थीहरू, अभिभावकका साथै त्यस गा.वि.स.का स्रोत व्यक्ति र स्थानीय निरीक्षकहरू क्रमशः ३, ९, ५, १ र ४ जनालाई आवश्यक तथ्याङ्कका लागि यस अध्ययनले समेटेको छ ।

## ३.४. नमूना छनौटका आधारहरू

यस अध्ययनलाई पूरा गर्न आवश्यक तथ्याङ्क संकलन गर्दा जातियताका आधारमा, भौगोलिक आधारमा, अल्पभाषिक आधारमा, लैङ्गिक आधारमा, कार्यक्षेत्रका आधारमा तथा विश्वसनीयताका आधारमा जनसङ्ख्या छनौट गरिएको छ ।

## ३.५. अनुसन्धानका साधनहरू

यस शोधकार्यलाई पूरा गर्नका लागि अर्न्तवार्ता प्रश्नावली, अवलोकन फारम र लक्षित समूह छलफल प्रश्नावली जस्ता साधनहरू निर्माण गरी प्रयोग गरिएको छ ।

## ३.६. तथ्याङ्कको स्रोत

अध्ययनको उद्देश्य पूरा गर्नका लागि प्राथमिक र द्वितीय तथ्याङ्कका स्रोतहरूको प्रयोग गरिएकोछ ।

### ३.६.१ प्राथमिक स्रोतहरू

यस शोधकार्यलाई पूरा गर्नका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने कार्यमा प्राथमिक स्रोतका लागि अर्न्तवार्ता प्रश्नावली, अवलोकन फारम र छलफल प्रश्नावली बाट लिइएको छ ।

### ३.६.२ द्वितीय स्रोत

द्वितीय स्रोतका लागि प्रौढ साक्षरता कक्षा सञ्चालन भएका वडाका छनौट भएका समूहका अभिलेख फारमहरू, स्रोतकेन्द्रमा राखिएका अभिलेखहरू र सहभागिहरूले गरेका क्रियाकलापको विवरण प्रयोग गरिएको छ ।

## ३.७. तथ्याङ्क संकलन विधि

आवश्यक तथ्याङ्कका लागि अध्ययनमा समेटिएका जनसङ्ख्याहरू मध्ये सहयोगी शिक्षक र अभिभावकहरूलाई अर्न्तवार्ता प्रश्नावली तथा लक्षित समूह छलफल प्रश्नावली, सहभागी विद्यार्थीहरूलाई अन्तर्वार्ता प्रश्नावली र स्रोतव्यक्तिका लागि पनि अर्न्तवार्ता प्रश्नावलीका साथै कक्षा अवलोकन फारम प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.८. तथ्याङ्क विश्लेषण प्रक्रिया

विभिन्न क्षेत्र तथा स्रोतबाट प्राप्त सूचनाका आधारमा तथ्याङ्कको प्रस्तुति र विश्लेषण गर्दा आवश्यकता अनुसार टेवल, ग्राफ र प्रतिशतका आधारमा गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण

यस अध्ययन कार्यलाई पूरा गर्नका निम्ति विभिन्न साधनहरूको उपयोग गरी सङ्कलन गरिएका तथ्याङ्क एवम् सूचनाहरूलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी टेवुल, ग्राफ, प्रतिशत र तालिकीकरणका माध्यमबाट प्रस्ट पारिएको छ । त्यसै गरी प्राथमिक र द्वितीय तथ्याङ्कहरूलाई गुणात्मक र परिमाणात्मक मिश्रीत ढाँचा प्रयोग गरी व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ । अध्ययनका क्रममा नै विभिन्न व्यक्तिहरूबाट आएका सैद्धान्तिक अवधारणाहरूलाई गुणानात्मक विधिको प्रयोग गरी अनौपचारिक शिक्षाले निरक्षर प्रौढहरूको साक्षरता अभिवृद्धि गर्न पुऱ्याएको सहयोग एवम् सुधारात्मक पक्षका बारेमा थप जानकारी गराउने प्रयास गरिएको छ ।

## ४.१. प्रौढ साक्षरता कार्यक्रमको अवस्था

यस कटहरी गा.वि.स.मा अनौपचारिक शिक्षा केन्द्रबाट सञ्चालित विभिन्न प्रकारका कार्यक्रमहरूमध्ये प्रौढ साक्षरता कार्यक्रम जगरण सामूदायिक अध्ययन केन्द्र र स्रोत केन्द्रको मातहतमा विगत तीनवर्ष अघीदेखि सञ्चालन हुँदै आइरहेको छ । यस अध्ययन केन्द्रले प्रौढ साक्षरता कार्यक्रम, महिला साक्षरता कार्यक्रम प्रथम, महिला साक्षरता दोस्रो सञ्चालन गर्नुका साथै नेपाल सरकारका तर्फबाट सञ्चालित साक्षरता अभियान कार्यक्रम २०६६/०६७ सम्पन्न गरिसकेको छ भने २०६७/०६८ वर्तमानमा सञ्चालित हुँदै आइरहेका छन् । यस सम्बन्धी विवरण तलको तालिकाको माध्यमबाट प्रस्तुत गरिएको छ ।

तालिका नं. १ : प्रौढ साक्षरता कार्यक्रमको विवरण

| क्र.सं. | कार्यक्रमको नाम | वर्ष | सहभागी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रौढ साक्षरता | | ११५ | ४०.३५ |
| २ | महिला साक्षरता प्रथम | | ३८ | १३.३३ |
| ३ | महिला साक्षरता दोस्रो | २०६७ | ४० | १४.०३ |
| ४ | राष्ट्रिय साक्षरता अभियान कार्यक्रम | २०६८ | ४२ | १४.७४ |

| | | | | |
|---|---|---|---|---|
| ५ | राष्ट्रिय साक्षरता अभियान कार्यक्रम | | ५० | १७.५४ |
| ६ | जम्मा | | २८५ | १००.०० |

(स्रोत : स्थलगत अध्ययन, २०६८)

### ४.१.१ प्रौढ साक्षरता कार्यक्रम मा सहभागी

साक्षरता अभिवृद्धिका लागि निश्चय नै प्रौढ शिक्षा कार्यक्रमको योगदान उल्लेखनिय मानिन्छ । प्रौढ शिक्षाको विकास र विस्तारका माध्यमबाट निरक्षरदर न्यूनिकरण गर्दै लैजाने उद्देश्यले यस कटहरी गा.वि.स.ले समय समयमा सरकारी तथा गैह्र सरकारी संस्थाद्वारा वितरित अनौपचारिक शिक्षा अर्न्तगतको प्रौढ साक्षरता कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसै क्रममा यस गा.वि.स.ले २०६७/०६८ मा सञ्चालन गरेको प्रौढ साक्षरता कार्यक्रममा समावेश केन्द्र, टोल र सहभागीहरूको विवरण तालिका नं.२ मा तल उल्लेख गरिएको छ ।

तलिका नं.२ प्रौढ साक्षरता कक्षामा सहभागी

| सि.नं. | केन्द्रको नाम | वडा | टोल | सहभागी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | खोरीया टोल | ३ | खोरीया | ३५ | २१.७४ |
| २ | जामुनगाछी टोल | ७ | जामुनगाछी | ३२ | २७.८३ |
| ३ | कामत टोल | ४ | कामत | २८ | २४.३५ |
| ४ | कदमगाछी टोल | ५ | कदमगाछी | ३० | २६.०८ |
| ५ | जम्मा | | | ११५ | १००.०० |

(स्रोत : कटहरी स्रोतकेन्दको प्रोफाइल,०६८)

उपयुक्त तालिका बमोजिम यस गा.वि.स.मा नेपाल सरकारद्वारा २०६७/०६८ मा राष्ट्रिय साक्षरता अभियान कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । जसमा यस गा.वि.स.का नौं वटा वडाहरू मध्ये चार वटा वडाहरूले उक्त कार्यक्रममा सहभागिता जनाउँदै आइरहेका छन् । उक्त चार वडाका चार समूहलाई नमूना समूहका रूपमा छनौट गरिए बामेजिम वार्ड नं. तीन,चार र पाँचमा क्रमशः खोरिया टोल, जामुनगाछी टोल, कामत टोल र कदमगाछी टोल रहेका छन् । यी प्रमुख चार टोलहरू मध्ये

खोरिया टोलमा पच्चीस जना, जामुनगाछिमा बत्तीस जना, कामतटोलमा अठ्ठाईस जना र कदमगाछीमा तीस गरी जम्मा एक सय पन्ध्र सहभागी सङ्ख्या देखिएको छ। उक्त कार्यक्रम १५-४५ वर्ष बीचका उमेर समूहका निरक्षर युवा, युवती, प्रौढ महिला तथा पुरुषहरूलाई लक्षित गरी चलाइएको छ।

### ४.१.२ जातजाति तथा लिङ्गका आधारमा सहभागी

अनौपचारिक प्रौढ साक्षरता कक्षाहरू सञ्चालनको मुख्य उद्देश्य शिक्षाको मूलधारबाट अलग भएका गरीब, पिछडिएका तथा लक्षित वर्गका प्रौढ महिला, पुरुष तथा युवाहरूको शिक्षाको मूलधारमा के कस्तो पँहुच रहेको छ भनि अध्ययनका क्रममा प्रयोग गरिएको अभिलेख तथा फारमहरूका माध्यमबाट सहभागिहरूको जातिगत तथा लिङ्गगत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

तालिका नं. ३ : जातजाति तथा लिङ्गका आधारमा सहभागी

| सि.न. | केन्द्र | १५ वर्ष भन्दा माथिको निरक्षरको कूल जनसङ्ख्या | | सहभागी जम्मा सङ्ख्या | पुरुष | महिला | दलित | जनजाति |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | | | | |
| १ | खोरीया टोल | ५०८ | १७८ | २५ | ४ | २१ | २० | ५ |
| २ | जामुनगाछी टोल | ४५२ | ११० | ३२ | ३ | २९ | १२ | २० |
| ३ | कामत टोल | ३६५ | ७८ | २८ | - | २८ | २८ | - |
| ४ | कदमगाछी टोल | ३९० | १९७ | ३० | २ | २८ | २० | १० |
| ५ | जम्मा | १७१५ | ५६३ | ११५ | ९ | १०६ | ८० | ३५ |
| जम्मा प्रतिशत | | २२७८ | | ५% | ७.८३% | ९२.१६% | ६९.५६% | ३०.४३% |

स्रोत : कटहरी स्रोतकेन्दको प्रोफाइल (२०६८)

उपर्युक्त तालिका बमोजिम यस कटहरी स्रोत केन्द्रले तयार पारेको साक्षरता अभियान कार्यक्रमको प्रोफाइलको तथ्याङ्क अनुसार निरक्षरता न्यूनिकरण गर्दै लैजाने उद्देश्यले चार वटा वडाका चार वटा समूहमा प्रौढ साक्षरता कार्यक्रम २०६७/०६८ सञ्चालन गर्दै आइरहेको छ । यस कार्यक्रममा १५ वर्ष भन्दा माथिको निरक्षर जनसङ्ख्यालाई प्राथमिकता दिई सञ्चालन गरे अनुरूप ति चार समूहमा सहभागि हुने ४५ वर्ष भन्दा माथिको कूल जनसङ्ख्या २२७८ जना प्रौढहरूको रहेको छ ।

यस तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने आदिबासी, दलित र जनजातिको बाहुल्यता रहेको यस क्षेत्रमा आर्थिक अभाव प्रमुख कारणका रूपमा रहेकोले गर्दा यी समुहहरू शैक्षिक सेवाबाट बञ्चित हुनु परेको देखिन्छ । अन्य जनजातिको कम बसोबास रहेको कटहरी गा.वि.स.मा अनौपचारिक शिक्षामा सहभागी हुनेहरूको सङ्ख्या शुन्य देखिन्छ । यसबाट पनि के स्पष्ट हुन्छ भने फ्रेरेको सिद्धान्त अनुरुप नै औपचारिक शिक्षा उपल्लो वर्गको मात्रै उपभोगको वस्तु जस्तै भएको छ, जसलाई उनीहरूले सजिलै प्राप्त गर्न सकिरहेको देखिन्छ ।

हाम्रो देशको अवस्था अध्ययन गर्दा आर्थिक, शैक्षिक र राजनैतिक रूपमा पिछडिएको वर्ग भनेको दलित र जनजाति छ भने त्यही वर्गले विविध कारणले गर्दा विद्यालयको औपचारिक शिक्षा लिनबाट बञ्चित हुनुपरेको परिवेशमा सर्वसुलभ ढङ्गले सञ्चालन गरिएको अनौपचारिक शिक्षामा सहभागिता जनाएको देखिन्छ । तर पनि माथिको तलिकालाई अध्ययन गर्दा नमूना गा.वि.स.मा सञ्चालित चार समूहका कूल प्रौढ जनसङ्ख्या मध्ये पाँच प्रतिशत मात्र शिक्षा सेवा उपभोगमा सहभागी हुनु भनेको शैक्षिक चेतनाको कमि हुनु हो की जस्तो देखिन्छ तर यथार्थ भन्ने होइन । हरेक उद्योग धन्दामा मजदुरी गरी जिविकोपार्जन गर्ने यस क्षेत्रमा साक्षरता कक्षामा सहभागिहरू मध्ये महिलाको तुलनामा पुरुष सङ्ख्या अति न्यून देखिएको छ भने दलितको तुलनामा जनजातिको न्यून चासो र पहुँच रहेको छ । फलस्वरूप जातिगत कूल सङ्ख्याको आधारमा सहभागिता दर हेर्दा दलित प्रथम, जनजाति दोस्रो र अन्य सून्यमा छन भने लिङ्गका अधारमा हेर्दा महिला प्रथम र पुरुष दोस्रो स्थानमा रहेको छ अन्य वर्गको सून्य सहभागिता हुनुको कारण मध्ये धेरै जसो औपचारिक शिक्षा तर्फ सहभागी भएको देखिएको छ ।

### ४.१.३ बीचैमा कक्षा छोड्ने सहभागी

शिक्षा क्षेत्रमा बीचैमा विद्यालय छोड्ने प्रवृत्तिलाई एउटा ठूलो सास्याको रूपमा लिइन्छ । यसै सन्दर्भमा यस साक्षरता कक्षामा सहभागी भई बीचैमा कक्षा छोड्नेहरूको विवरण अध्ययनका क्रममा प्राप्त भएका फारमहरूबाट निम्नानुसार देखिएको छ ।

तालिका नं. ४ बीचैमा कक्षा छोड्ने सहभागी

| सि.नं. | केन्द्र | शुरुको नाम | बीचैमा कक्षा छोड्ने सङ्ख्या | | | महिला प्रतिशत | पुरुष प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | | |
| १ | जामुनगाछी टोल | २५ | ५ | २ | ७ | २७.७८ | २८.५७ | |
| २ | कामत टोल | ३२ | ६ | ३ | ९ | ३३.३३ | ४२.८६ | |
| ३ | कदमगाछी टोल | २८ | ३ | - | ६ | १६.६७ | - | |
| | जम्मा | ३० | ४ | २ | ३ | २२.२२ | २८.५७ | |
| जम्मा | २२७८ | ११५ | १८ | ७ | २५ | १५.६५ | ६.०८ | २१.७३% |

स्रोत : कटहरी गा.वि.स.को कार्यालय र स्रोतकेन्दको प्रोफाईल (२०६८)

उपर्युक्त तालिका नं. ४ अनुसार चार टोलका चार समूहमा अनौपचारिक प्रौढ शिक्षा लिनेको शुरुको भर्ना सङ्ख्या ११५ रहेको छ । उक्त जम्मा सङ्ख्या मध्ये विविध कारणले गर्दा सबैले कक्षा पूरा नगरी बीचैमा छोड्नेको सङ्ख्या पनि देखिएको छ । जसअनुसार जम्मा भर्ना संख्या मध्ये महिला र पुरुष गरी २५ जनाले बीचैमा कक्षा छोडेका छन् । अध्ययनले देखाए अनुसार अनौपचारिक शिक्षाका कार्यक्रमका माध्यमबाट निरक्षरतादर न्यूनिकरणका लागि ल्याइएको प्रौढ साक्षरता कार्यक्रम प्रति उनीहरूको झुकाव कम रहेको देखिएको छ ।

शिक्षाविद्ध इलिचले भनेका छन् अहिलेको शिक्षा प्रणालीले सम्पूर्ण व्यक्तिलाई समेट्न नसकेको समाजमा वर्गीय खाडल गहिरो बनाएकोछ । ती व्यक्तिहरूलाई शिक्षाको पहुँचमा ल्याउन वैकल्पिक शिक्षा उपयोगी मानिन्छ । सोही अनुरुप कटहरी गा.वि.स. मा सञ्चालित साक्षरता कार्यक्रम निरक्षरता घटाउने उद्देश्यले प्रौढ साक्षरता शिक्षा ल्याइएको भए तापनि यस तालिकाबाट के प्रस्ट हुन्छ भने साक्षरता कक्षामा समावेश भएको शुरुको प्रौढ सहभागिता कम नै देखिएकोमा पनि बीचैमा कक्षा छाड्ने दर बढेकाले झन न्यून सङ्ख्या देखिन्छ । त्यसमा महिलाको भन्दा पुरुषको सहभागिता न्यून रहेको र कक्षा छोड्नेमा पनि पुरुष कै दर उच्च रहेको देखिएकाले साक्षर हुन चाहने प्रौढहरूमा महिलाहरूको चासो बढी देखिन्छ पुरुषको तुलनामा । त्यस कारण उक्त समस्या सामाधानका लागि सम्बन्धित पक्षले केही ठोस कदम चालनुपर्ने देखिन्छ ।

### ४.१.४ सहभागीहरूले बीचैमा कक्षा छोड्ने कारण

एकातिर मानिसमा शिक्षाप्रतिको धारणा अझै पनि कमजोर नै रहेको देखिन्छ भने अर्कातिर विभिन्न बाध्यात्मक परिस्थितिहरू पनि उत्तिकै रहेका छन । यस्तो अवस्थामा कतिपयहरूले शिक्षा लिन नै चाहँदैनन् भने चाहनेहरूले पनि उत्पन्न परिस्थितिका कारण बीचैमा कक्षा छोड्न बाध्य हुन्छन । यसैक्रममा नमूना छनौटमा परेको गा.वि.स. का छनौट समुहहरूको स्थलगत अवलोकन तथा स्रोत केन्द्रको प्रोफाइलका आधारमा साक्षरताका सहभागिहरूले बीचैमा कक्षा छोड्ने कारणको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५ सहभागिहरूले बीचैमा कक्षा छोड्ने कारण

| सि.न | केन्द्र | व्यक्तिगत | कक्षा व्यवस्थापन | स्वयंसेवकको व्यवहार | वर्षाद | खेतिपातीको समय | विरामी | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | खोरियाटोल | ३% | २२ % | १० % | १५ % | १० % | ३० % | ५ % |
| २ | जामुनगाछी टोल | २% | २५ % | १२ % | २० % | १० % | ३० % | - |
| ३ | कामत टोल | ४% | २७ % | १० % | १५ % | १०% | ३० % | २ % |
| ४ | कदमगाछी | ३% | २० % | १२ % | १६ % | १० % | ३० % | ४ % |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | टोल | | | | | | | |
| | जम्मा | १०% | ९४% | ४४% | ६६% | ४०% | १२०% | ११% |

स्रोत : कटहरी स्रोतकेन्दको प्रोफाइल (२०६८)

उपर्यूक्त तालिका नं.५ अनुसार २०६८ सालमा सञ्चालन भएको प्रौढ साक्षरता कक्षामा सहभागी भएका चारवडाका चार समूहका कूल ११५ प्रौढ सङ्ख्या मध्ये केही महिला तथा पुरुषहरूले कक्षा पूरा नगरी बीचैमा छोडेका थिए जसको विविध कारण रहेका छन् । ती कारणहरू मध्ये व्यक्तिगत कारण, कक्षा व्यवस्थापनको कारण, घरायसी कारण, स्वयम् सेवकको व्यवहारको कारण, खेतिपातीको समयको कारण, विरामी कारण र अन्यकारणहरू रहेका छन् । त्यसमा खोरियाटोल, जामुनखाडी टोल, कामतटोल र कदमगाछीटोलमानै यी कारणहरू प्रमुख रुपमा रहेका छन् ।

प्रौढ साक्षरतामा सहभागी भएकाको शुरुको भर्ना सङ्ख्यालाई आधार मानि विश्लेषण गर्दा व्यक्तिगत समस्याका कारण कक्षा छोड्ने प्रौढहरूको सङ्ख्या १०% रहेको छ भने घरायसी कामकाजमा समय दिँदा कक्षा छोड्ने प्रौढहरूको संख्या जम्मा ४०% रहेको छ । त्यसैगरी कक्षा व्यवस्थापन वा कक्षामा बसाइको कठिनाईका कारण र उचित समयाभावका कारण कक्षा छाड्नेहरूको सङ्ख्या जम्मा ९४% रहेको छ भने स्वयम् सेवकको व्यावहारका कारण कक्षा छोड्ने प्रौढहरूको संख्या जम्मा ४४% रहेको छ । त्यस्तै वर्षादका कारण जम्मा ६६% रहेको छ भने खेतिपातीमा समावेश हुनुपर्नाले समय अभाव भई कक्षा छोड्नेहरू जम्मा ४०% र विरामीका कारण बीचैमा कक्षा छोड्ने सङ्ख्या जम्मा १२०% रहेको छ । त्यसै गरी अन्य कारणले गर्दा कक्षा छोड्ने सङ्ख्या ११% रहेको देखिन्छ ।

यसबाट के प्रस्ट हुन्छ भने निरक्षर र प्रौढहरू औपचारिक शिक्षा सेवा केन्द्रले दिएको शिक्षा सेवा उपभोग गरी साक्षर हुने चाहना राखी समावेश भएता पनि बीचबीचमा देखा परेको विविध कारणले गर्दा कक्षा पूरा गर्न नपाई बीचैमा छोड्नु परेको छ । त्यसकारण उक्त समस्याहरू सामाधानका लागि सञ्चालन पक्षले प्रौढहरूको मनोभावना बुझी शिक्षण गर्न सक्ने व्यक्तिको नियुक्ति गर्न नसकेको, उचित कक्षा व्यवस्थापन गर्न नसकेको देखिन्छ । यसका साथै सहभागिहरूको

प्रतिक्रिया अनुसार उनीहरूको प्रमुख समस्या गरिबी रहेको र आर्थिक संकलनका लागि अन्यत्र काम गर्न जानुपरेका कारण समयावधि सम्म कक्षामा उपस्थित हुन नसकेको पाइएको छ ।

### ४.१.५ आय आर्जनमा सहभागी

यस मोरङ जिल्ला कटहरी गा.वि.स.मा नेपाल सरकारले घोषणा गरेको प्रौढ साक्षरता कार्यक्रम २०६७/०६८ सफलताका साथ कार्यान्वयनमा आइररहेको छ । देशका अधिकांश निरक्षरहरूलाई साक्षर बनाई साक्षरतादर विकासमा ठोस योगदान पुऱ्याउने उक्त कार्यक्रमको महान लक्ष्य रहेकोमा प्रौढ साक्षरता अभियान २०६७ मा समावेश भएका केही प्रौढ सङ्ख्याले कक्षा पूरा नगरी बीचैमा छोडे भने निरन्तर कक्षामा सहभागी भई तह पूरा गरी साक्षर भएको जनशक्ति स्वावलम्वी सीपमूलक तथा आयआर्जनमा सहभागी भएको छ । जसको समग्र विवरण तलको तालिकामा उल्लेख गरिएको छ :-

तालिका नं. ६ आय आर्जनमा सहभागी

| सि.नं | केन्द्र | आयआर्जनमा सहभागी सङ्ख्या |
|---|---|---|
| १ | खोरियाटोल | १३ |
| २ | जामुनगाछी टोल | ९ |
| ३ | कामत टोल | ७ |
| ४ | कदमगाछी टोल | १० |
| | जम्मा | ३९ जना |

(स्रोत : स्थलगत अध्ययन २०६८)

प्रस्तुत यस तालिका अनुसार साक्षरता अनुसार समावेश भई केही चेतना अभिवृद्धि गर्ने मौका पाएका प्रौढहरूले आधुनिक तरिकाबाट आयआर्जनमा संलग्न हुने अवसर प्राप्त गरेका छन् । यिनीहरू मध्ये खोरिया टोलका साक्षर प्रौढहरू आधुनिक कृषिकार्य बाखापालन, सुँगुरपालन र भैंसी पालन जस्ता व्यावसायमा सरिक भएको पाइएको छ भने जमुनागाछीटोलका साक्षर प्रौढहरू केही सीपमूलक हाते उद्योग जस्तै बाँसको काम, अगरबत्ती बनाउँने काममा सरिक छन भने कोही पशुपालन तथा

तरकारी खेतीमा लागीपरेका छन् । त्यसैगरी कामतटोलका साक्षर प्रौढहरू पनि पशुपालन र तरकारीखेतीमा सहभागी रहेको पाइएको छ भने कदमगाछी टोलका प्रौढहरू माछापालन, बंगुरपालन, सिलाई बुनाई साथै हाते सीपमा सरिक भएको पाइएको छ । यसबाट के प्रस्ट हुन आएको छ भने अनौपचारिक शिक्षा अर्न्तगत १५-६० वर्ष उमेर समूहलाई लक्षित गरी सञ्चालन गरिएको प्रौढ साक्षरतामा सहभागी भई तोकिएको समयावधीसम्म सरिक भई साक्षर बन्न सफल अधिकांश प्रौढ जनशक्ति आधुनिक र नयाँ सोचका साथ स्व-रोजगार तथा आयआर्जनमा समावेश भएका र बचत समूह समेत निर्माण गरी कार्य गर्दै आइरहेको पाइएको छ ।

### ४.१.६ राष्ट्रिय साक्षरता अभियान कार्यक्रम (२०६८/०६९) को अवस्था

नेपाल सरकारले आ.व.२०६५/०६६ देखि २ वर्ष भित्रमा निरक्षरता उन्मूलन गर्ने उद्देश्यले राष्ट्रिय साक्षरता अभियान २०६५/०६६ शुरु गऱ्यो । १५-६० वर्ष उमेर समूहका निरक्षर युवा, महिला तथा पुरुषहरूलाई लक्षित गरी तीन महिनाको साक्षरता अवधी राखेर आगामी दुई वर्ष भित्रमा ७८ लाख निरक्षरहरूलाई साक्षर वनाउने लक्ष्य यस कार्यक्रमको रहेकोले नेपालको ७५ वटै जिल्लाहरू प्रौढ साक्षरता शिक्षा सञ्चालन गरेको थियो । त्यसमा तराई र पहाडी जिल्लाहरूमा २०६५ माघ १ गतेदेखि कक्षा सञ्चालन गरेको थियो भने हिमाली जिल्लाहरूमा २०६६ साल वैशाख १ गतेदेखि कक्षा सञ्चालन गरेको थियो । देशभरका सबै जिल्लाहरूका गा.वि.स.का प्रत्येक वडामा एक-एक वटा साक्षरता कक्षा सञ्चालन गरिएको प्रत्येक साक्षरता कक्षामा एक-एक जना स्वयम् सेवक नियुक्त गरिएको थियो ।

राष्ट्रिय साक्षरता अभियान कार्यान्वयन निर्देशिका २०६५ अनुसार यस कटहरी गा.वि.स.ले पनि २०६५ माघ १ देखि वैशाख १ गते सम्म ३ महिना, २०६६ फगुन १५ देखि जेष्ठ १५ सम्म ३ महिना, २०६७ माघ १ देखि २०६८ वैशाख १ सम्म ३-३ महिनाका दरले गा.वि.स.का नौ वटै वडाहरूमा प्रौढ साक्षरता कार्यक्रम सफलताका साथ सम्पन्न गरिसकेको छ । तर एक जना स्वयम् सेवकले तीन महिनामा गा.वि.स.का लक्षित प्रौढ समूहलाई सतप्रतिशत साक्षर बनाउन नसकेको अवस्थालाई मध्यनजर गर्दै हाल यस कटहरी गा.वि.स.ले पकेट एरिया छनोट गरी

सतप्रतिशत निरक्षरता उन्मूलन गर्ने लक्ष्य राखी अभियन्ता साक्षरता अभियान २०६८/०६९ सञ्चालन गर्दै आएको छ ।

मोरङ जिल्ला भरी नै २०६८/०६९ मा नौ वटा संसदीय क्षेत्रलाई आधार मानी यो कार्यक्रम अभियानकै रूपमा सञ्चालन भइरहेकोमा कटहरीले पनि आगामी वर्षहरूमा एक जना पनि निरक्षर जनसङ्ख्या नराख्ने लक्ष्य बमोजिम जम्मा ४३ जना अभियन्ताहरूलाई परिचालन गरी प्रत्येक वडामा साक्षरता कक्षा सञ्चालन गर्दै आइरहेको छ । उक्त कार्यक्रममा एक जना अभियन्ताले एक समूहमा तीसजनाका दरले तीन महिना सञ्चालन गरेपछि पुनः अन्य दुई समूहहरू सोही अभियन्ता सामु तीस जनाको दरले राखी अरु छ महिना चलाउने प्रावधान छ । यसरी एक जना अभियन्ताले तीन समूहमा तीस-तीस जनाका दरले नौ महिना लगातार कक्षा सञ्चालन गरेपछि ९० जना निरक्षरलाई साक्षर बनाउँदछ भने सोही अनुरूप ४३ जना अभियन्ताले ९० जनाका दरले निरक्षर प्रौढहरू साक्षर बनाउँदा जम्मा ३८१३ जना निरक्षर प्रौढहरू साक्षर बनाउन सकिने र निरक्षर जनसङ्ख्या निर्मुल पारी आगामी वर्षहरूमा साक्षरताको कक्षा सञ्चालनमा नल्याउने लक्ष्य बमोजिम साक्षरता अभियान तदारूकताकासाथ सञ्चालन गर्दै आइरहेको कुरा सम्बन्धित स्रोत व्यक्तिबाट प्राप्त भएको छ ।

कटहरी गा.वि.स.मा दलित र जनजातीको बसोवासको बाहुल्यता भएकाले निरक्षर जनसङ्ख्या अत्याधिक पाइएको छ । यी निरक्षरहरूलाई जरैदेखि निर्मूल पार्ने यस गा.वि.स.को वर्तमानको लक्ष्य रहेकोमा त्यसलाई पूरा गर्न झोराहाट, भौडाहा, बैजनाथपूर र कटहरी ४ गा.विस.को एक संसदीय क्षेत्र बनाई आफू केन्द्रमा रही निरक्षरता कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यसका लागि जि.सि.का.ले जि.वि.स.मा निर्धारित रकम विनियोजन गर्ने, जि.वि.स.ले गा.वि.स.मा र गा.वि.स.ले संसदीय क्षेत्रको केन्द्रमा विनियोजन गरी शैक्षिक सामग्रीका अलावा अभियन्ताहरूको पारिश्रमिक उपलब्ध गराउँदै आएको छ । यसमा जि.शि.का.को भूमिका जि.वि.स., गा.वि.स. र अन्य संघसंस्थाहरूसँग समन्वय गरी छनौट कार्यक्रममा सहजीकरण ल्याउने, अभियन्ताहरूलाई तालिम उपलब्ध गराउने र सञ्चालित कक्षाहरूको अनुगमन तथा निरीक्षण गर्ने रहेको छ । यहाँ अभियन्ताका सम्बन्धमा २०६८ भन्दा अघिको राष्ट्रिय साक्षरता अभियान

कार्यक्रममा पढाउने व्यक्तिलाई सहयोगी कार्यकर्ता भनिन्थ्यो भने २०६८/०६९ को अभियानबाट हाल अभियन्ता भनिएको छ । यस कटहरी गा.वि.स.मा साक्षरता कक्षा सञ्चालनका लागि परिचालित अभियन्ताहरूको विस्तृत विवरण अनुसूची आठ मा दिइएको छ ।

### ४.१.७. स्वयम् सेवक तथा स्थानीय निरीक्षकहरूको शैक्षिक अवस्था :

राष्ट्रिय साक्षरता कार्यक्रम २०६५ अनुसार नेपालका ७५ वटै जिल्लामा साक्षरता अभियान कार्यक्रम सुरु भएको थियो । आगामी २ वर्ष भित्रमा ७८ लाख प्रौढ निरक्षरहरूलाई साक्षर बनाउने लक्ष्यका साथ सुरु गरिएको उक्त कार्यक्रममा देश भरिका हरेक गा.वि.स./नगरपालिकाका प्रत्येक वडामा एक-एक वटा प्रौढ साक्षरता कार्यक्रम सञ्चालन हुने व्यवस्था भए बमोजिम हरेक वडामा सम्वन्धित वडा भित्रकै एक जना साक्षरता स्वयम् सेवक नियुक्त गरिएको थियो । यसै अनुसार यस कटहरी गा.वि.स.मोरङमा पनि उक्त प्रौढ साक्षरता कक्षा सञ्चालनका लागि गाउँ साक्षरता अभियान समिति कटहरीको सिफारिसमा आ.व.२०६७/०६८ का लागि तपशिल बमोजिमका व्यक्तिहरूलाई साक्षरता स्वयम् सेवक एवम् निरीक्षकका रूपमा तीन महिनाका लागि नियुक्ति गरिएको पाइएको छ । नियुक्ति दिदा महिला, दलित तथा पिछडीएको वर्गलाई विशेष प्राथमिकता दिइएको थियो । जसलाई तलको तालिकामा उल्लेख गरिएको छ :-

तालिका नं. ७ स्वयम् सेवक तथा स्थानीय निरीक्षकहरूको शैक्षिक अवस्था

| सि.नं | केन्द्र | गा.वि.स. | वडा | स्वयं सेवकको नाम/संख्या | शैक्षिक योग्यता | स्थानीय निरीक्षकको नाम | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | खोरियाटोल | कटहरी | ३ | विन्दु राजवंशी | बि.एड. | बिमल राजवंशी | बि.एड. |
| २ | जामुनगाछी टोल | कटहरी | ७ | सावित्रा रिजाल (पोखेल) | आइ.ए | बिमल राजवंशी | |
| ३ | कामत टोल | कटहरी | ४ | रिमिकुमारी | आइ.एड. | बिमल राजवंशी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | कामत | | | |
| ४ | कदमगाछी टोल | कटहरी | ५ | विन्दु राजवंशी | आइ.एड. | बिमल राजवंशी | |
| | जम्मा संख्या | १ | ४ | ४ | | १ | |

(स्रोत : कटहरी स्रोत केन्द्रको प्रफाइल)

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा यस कटहरी गा.वि.स.मा २०६७/०६८ सालको कक्षा सञ्चालनका लागि नियुक्ति भएका स्वयं सेवकहरू सबै महिला रहेकोमा ७५% महिलाहरू आदिवासी एवं जनजाति समुहबाट रहेको देखिन्छ भने अन्य जातिबाट समावेश २५% महिला देखिएको छ । उल्लेखित चार वडाका चार समूहमा नियुक्ति भएका महिला स्वयं सेवकको शैक्षिक योग्यता भने सबैको एस.एल.सी. भन्दा माथि रहेको छ । यी चार मध्ये एक जना आर्यन समूदायको बाहेक अन्य तीन जना आदिवासी जनजातिबाट संलग्न रहेका छन् । त्यसै गरी ती चार समूहको कक्षा अनुगमन तथा निरीक्षणका लागि एक जना पुरुष स्थानीय निरीक्षकलाई नियुक्ति गरिएको छ । जसको नाम विमल राजवंशी रहेको छ भने शैक्षिक योग्यता बि.एड. रहेको छ ।

उपर्युक्त तालिका अनुसार नै प्रौढ साक्षरता विकासमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएका उक्त आधारभूत साक्षरता कार्यक्रमको कक्षा सञ्चालनका लागि सहयोगी शिक्षकहरूको शैक्षिक योग्यता उच्च रहेको पाइएको र तालिम तथा अनुभव लिइएकै व्यक्तिहरूलाई नियुक्ति गरेको देखिन्छ । तर पनि बीचैमा कक्षा छोडेका प्रौढहरूको प्रतिशत हेर्दा उनीहरूको रूची, चाहना, क्षमता तथा स्तरअनुसारको सिकाइ उक्त शिक्षकहरूको सिकाइको व्यावहारले नभ्याएको होकी जस्तो देखिन्छ । यसर्थ योग्यता र अनुभवले मात्र व्यक्ति परिपक्व नभएर व्यावहारिक रूपमा पनि परिपक्व हुनुपर्दछ । जसले प्रत्येक प्रौढहरूका चाहना, आवश्यकता र समस्या बुझि व्यावहार गर्न सकोस् । त्यसैले यस कटहरी गा.वि.स.ले आगामी दिनहरूमा योग्यता, तालिम र अनुभवका अलावा व्यावहारिक कुसलताले भरिपूर्ण साक्षरता शिक्षक नियुक्ति गर्न सके अझ प्रभावकारी हुने देखिन्छ ।

### ४.१.८ १५ वर्ष माथिको साक्षरता अवस्था

प्रौढ साक्षरताका कक्षाहरू सञ्चालन भइरहेका स्थानहरूको स्थलगत भ्रमण, भर्ना अभिलेख, सहभागी तथ्याङ्क विवरण तथा समष्टिगत फारमबाट प्राप्त जानकारी अनुसार नमूना समूहमा पन्ध्र वर्ष माथिको साक्षरता विवरण यस प्रकार रहेको छ ।

तलिका नं.८ १५ वर्ष माथिको साक्षरता अवस्था

| सि.नं | केन्द्र | सामान्य लेखपढ गर्ने | कक्षा ५ उर्त्तीण गर्ने | कक्षा ५ उर्त्तीण गर्ने | एस.एल.सी वा सो भन्दा माथि उर्त्तीण गर्ने |
|---|---|---|---|---|---|
| १ | खोरियाटोल | ९०५ | २०३ | १५५ | १८२ |
| २ | जामुनगाछी टोल | १०५० | १८८ | १४४ | १८३ |
| ३ | कामत टोल | ६८५ | १८८ | १४१ | १६२ |
| ४ | कदमगाछी टोल | ६०७ | १७४ | १३९ | १६५ |
| | जम्मा | २३४७ | ७५३ | ५७९ | ६९२ |

(स्रोतः गा.वि.स. तथा न.पा.स्तरीय समष्टिगत फारम कटहरी, २०६८)

मोरङ जिल्ला अर्न्तगतको कटहरी गा.वि.स.मा गरिएको अध्ययन अनुसार उक्त गा.वि.स.मा ३७५३ घरधुरी संख्या रहेकोमा गा.वि.स.को कूल जनसंख्या २५०१७ रहेको देखियो । उक्त कूल जनसंख्या मध्येमा साक्षर, निरक्षर, विद्यालय जाने, विद्यालय नजाने प्राथमिक, नि.मा.वि., मा.वि.तहका अलावा उच्च शिक्षा लिनेहरूको सहभागीता पनि उत्तिकै रहेको भेटियो । अध्ययनको उद्देश्यअनुसार सीमितरूपमा छनौट गरिएका यस गा.वि.स.का ४ समूहहरूमा आधारित भई १५ वर्ष माथिको साक्षर जनसंख्याको विश्लेषण गर्दा शिक्षाप्रतिको रुची सबैमा रहेको देखिएतापनि आदिवासीहरूको बाहुल्यता रहेको यस क्षेत्रमा मूलरूपमा आर्थिक अभाव र गरिबीका कारण विद्यालय भर्ना भएपनि बीचैमा छोड्नु पर्ने बाध्यता छलफलका क्रमबाट देखिएकोछ । कूल जनसंख्या मध्ये विद्यालय भर्ना भई साधारण लेखपढ गर्न सक्ने जनसंख्या राम्रै रहेपनि एस.एल.सी. वा सो भन्दा माथि उर्त्तीण गर्नेहरूको संख्याले के देखाउद छ भने शारीरिक रूपमा सक्षम भइसकेपछि अधिकांश जनशक्ति श्रम उन्मूख भएकाले शिक्षाको

पाटोलाई छोड्न गई उच्च शिक्षा तर्फको जनशक्ति उत्पादनमा न्यून हुँदै गएको हो भन्न सकिन्छ । यसका लागि शिक्षाका तर्फबाट बौद्धिक व्यक्तिहरूको सहयोगमा जनचेतना जगाई शैक्षिक जनशक्ति नै राज्यको सबभन्दा ठूलो पूँजी हो भन्दै दक्षजनशक्ति उत्पादमा जोड दिने कार्यक्रमहरू अगाडी ल्याउनुपर्ने देखिन्छ ।

उक्त अध्ययनबाट के स्पष्ट हुन आउँछ भने यस गा.वि.स.को कूल जनसंख्या २५०१५७ जना रहेकोमा छनौट क्षेत्रमा सामान्य लेखपढ् गर्न सक्ने जनसंख्या देखि लिएर एस.एल.सी. वा सो भन्दा माथि सम्मको अध्ययन लिने जम्मा साक्षर जनसंख्या ५२७१ रहेको पाइएकाले दक्षजनशक्तिको बाहुल्यता कम रहेको देखिन्छ ।

### ४.१.९ साक्षरता केन्द्रको निरीक्षण र अनुगमन

नेपालको शैक्षिक संगठनात्मक व्यवस्था अनुसार अनौपचारिक शिक्षा कार्यक्रमको सञ्चालन गर्ने जिम्मेवारी अनौपचारिक शिक्षा केन्द्रले गरेको छ भने यसका कार्यक्रमहरूको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्ने कार्य विभिन्न निकायबाट हुने गरेको छ । शैक्षिक अनुगमन तथा जिम्मेवार निकायहरूमा शिक्षा विभाग, अनौपचारिक शिक्षा केन्द्र, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा समिति, जिल्ला शिक्षा कार्यालय, गा.वि.स./न.पा., सामुदायिक संस्थाहरू रहेका छन् अतः यस अध्ययनमा परेका साक्षरता कार्यक्रमको निरीक्षण र अनुगमनका लागि विभिन्न संस्थाहरूलाई परिचालन गरिएको अध्ययनका क्रममा प्राप्त हुन आएको छ ।

तलिका नं. ९ साक्षरता केन्द्रको निरीक्षण र अनुगमन

| सि.नं | केन्द्र नाम | गा.वि.स. | जि.वि.स. | जि.शि.का. | संघसंस्था | स्थानीय निरीक्षक | जम्मा पटक |
|---|---|---|---|---|---|---|---|
| १ | खोरियाटोल | - | - | २ | - | ३ | ५ |
| २ | जमुनागाछी टोल | - | - | २ | - | ३ | ५ |
| ३ | कामत टोल | - | - | २ | - | ४ | ६ |
| ४ | कदमगाछी टोल | - | - | २ | - | ३ | ५ |

(स्रोतः गा.वि.स.को कार्यालय कटहरी, २०६८)

अनौपचारिक शिक्षा कार्यक्रम अर्न्तगत मोरङ जिल्लाको कटहरी गा.वि.स.मा २०६७-०६८ मा सञ्चालन भएको नमूना केन्द्रहरूको निरीक्षण र अनुगमन गर्नका लागि जिल्ला शिक्षा कार्यालयका शाखा अधिकृत (पूर्वका वि.नि.) एकजना राजकुमार थापालाई र एकजना कटहरीकै स्रोतव्यक्ति इन्जकुमार बाँस्तोलालाई निरीक्षकका रूपमा परिचालन गरिएको देखिएको छ । त्यसैगरी शाखा अधिकृत र स्रोतव्यक्तिको मातहतमा एक जना पुरुष निरीक्षक विमल राजवंशीलाई कार्य जिम्मेवारी दिइएको थियो भन्ने कुरा अध्ययनका क्रममा देखिएको छ ।

यस तालिका अनुसार उल्लेखित केन्द्रहरूको निरीक्षण, अनुगमन, रेखदेख तथा लेखाजोखा गर्ने कार्य सम्बन्धित व्यक्तिहरूद्वारा बारम्बार भएको देखिन्छ । जस अर्न्तगत उक्त गा.वि.स.को खोरियाटोलमा जि.शि.का.का तर्फबाट जाने निरीक्षकहरू कक्षा सञ्चालनका समयमा दुई पटक र स्थानीय निरीक्षक तीन पटक गरी जम्मा पाँच पटक सम्म अनुगमन र निरीक्षण गर्नुभएको छ भने जमुनागाछी टोलमा पनि जि.शि.का.का तर्फबाट शाखा अधिकृत र स्रोतव्यक्ति दुई पटक र स्थानीय निरीक्षक तीन पटक गरी जम्मा पाँच पटक सम्म अनुगमन र निरीक्षण गर्नुभएको देखिन्छ । त्यस्तै कामतटोलमा जि.शि.का.का तर्फबाट दुई पटक र स्थानीय निरीक्षक तर्फबाट चार पटक गरी जम्मा छ पटक कक्षा सञ्चालन समयावधी भरमा रेखदेख तथा निरीक्षण भएको देखिन्छ भने कदमगाछीटोलमा शाखा अधिकृत र स्रोतव्यक्ति दुई पटक र स्थानीय निरीक्षक तीन पटक गरी जम्मा पाँच पटक निरीक्षण र अनुगमन गर्नुभएको देखिएको छ । अनुगमन र निरीक्षणका लागि गा.वि.स.का, जि.वि.स.का र अन्य संघसंस्थाका पदाधिकारी तथा व्यक्तित्वहरूको संलग्नता भने शून्य देखिएको छ ।

उपर्युक्त तालिकाको अध्ययनका क्रममा अध्ययन समूहमा परिचालन गरिएका निरीक्षक तथा अनुगमनकर्ताहरूले बीचैमा कक्षा छोड्ने संख्या न्यूनिकरणका निम्ति अभिभावकहरूसँग छलफल र परामर्श गर्ने गरेको, शैक्षिक क्षती तथा समस्याहरूलाई निराकरण गर्न शिक्षक, सहभागी विद्यार्थी तथा अभिभावकहरूसँग बैठक सञ्चालन गरी अनौपचारिक शिक्षाको महत्व, उपयोग तथा प्रयोजनका बारेमा स्पष्ट पार्ने गरेको, कार्यक्रम सम्बन्धी सूचनाको प्रचारप्रसार गर्न स्थानीय निकाय तथा संघ संस्थाहरूलाई समेत सहयोगको अपिल गर्ने गरेको, प्रयोगात्मक शिक्षण सिकाईका माध्यमबाट सिकाई उपलब्धिदर बृद्धि गर्न सकिने उपायहरू सुझाइएको कुरा

अर्न्तवातामा संलग्न वि.नि., शाखा अधिकृत, स्थानीय निरीक्षक तथा सहभागी विद्यार्थीहरूबाट प्राप्त हुन आएको छ ।

अध्ययनका क्रममा प्राप्त हुन आएको जानकारी अनुसार निरीक्षण तथा अनुगमन टोलीले कक्षा सञ्चालको अवस्था, प्रौढहरूको उपस्थितिको अवस्था, शैक्षिक सामग्रीहरूको उपलब्धता, बीचैमा कक्षा छोड्नेहरूको अवस्था र कारणका वारेमा अनुगमन तथा निरीक्षण गर्नुका साथै स्वयंसेवक (हाल अभियन्ता) हरूलाई वेलावेलामा तालिम, गोष्ठी, सेमिनार पनि उपलब्ध गराउदै आएको पाइएको छ ।

## ४.१.१० अनौपचारिक शिक्षातर्फको लेखाजोखा केन्द्रको सञ्चालन

अनौपचारिक शिक्षा केन्द्र अर्न्तगत सञ्चालन हुने विभिन्न अनौपचारिक शिक्षा कार्यक्रमहरूको निरीक्षण, अनुगमन रेखदेख तथा लेखाजोखा गर्न जिल्ला शिक्षा कार्यालयका एक शाखा अधिकृत र स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई जिम्मा दिइएको छ भने राष्ट्रिय साक्षरता अभियान कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि जिल्ला स्तरमा जि.वि.स.सभापतीको अध्यक्षतामा जिल्ला साक्षरता अभियान समन्वय समितिको गठन गरिएको देखियो । गा.वि.स.वा नगरपालिकाका स्तरमा उक्त कार्यक्रम सञ्चालन गर्न सम्बन्धित गा.वि.स.वा नगरपालिकाका प्रमुखको अध्यक्षतामा गाउँ/नगर स्तरीय साक्षरता अभियान समितिको गठन गरिएको कुरा अध्ययनबाट प्रष्टिएको छ ।

## ४.२ प्रौढ साक्षरता कार्यक्रमको प्रभाव

यस मोरङ जिल्ला स्थित कटहरी गा.वि.स.मा नेपाल सरकारले घोषणा गरेको राष्ट्रिय साक्षरता अभियान कार्यक्रम २०६७/०६८ सफलताका साथ कार्यान्वयन हुदै आइरहेको छ । देशका अधिकांश निरक्षरहरूलाई आगामी २ वर्ष भित्रमा साक्षर बनाई साक्षरता दर अभिवृद्धिमा ठोस योगदान पुऱ्याउने उक्त कार्यक्रमको महान लक्ष्य बमोजिम शुरु गरिएको यो कार्यक्रममा यस कटहरी गा.वि.स.ले पनि आफ्नो सहभागिता जनाएको छ । गा.वि.स.का ९ वटै वडाहरूमा अनौपचारिक प्रौढ साक्षरताका कक्षाहरू सञ्चालन गरिएको भएता पनि अध्ययनलाई सहजता ल्याउनका लागि छनोट गरिएका ४ वटा वडाहरू संलग्न भएका जम्मा निरक्षर प्रौढहरूलाई

साक्षर बनाउन यस कार्यक्रमले दिइएको योगदानलाई तालिकाका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ ।

तालिका नं. १० प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता

| सि.नं | केन्द्र नाम | वडा | शुरुको भर्ना | | | बीचैमा कक्षा छोड्ने संख्या | | | कक्षा उत्तीर्ण संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | खोरियाटोल | ३ | २० | ५ | २५ | ५ | २ | ७ | १५ | ३ | १८ |
| २ | जामुनगाछी टोल | ७ | २७ | ५ | ३२ | ६ | ३ | ९ | २१ | २ | २३ |
| ३ | कामत टोल | ४ | २८ | - | २८ | ३ | - | ३ | २५ | - | २५ |
| ४ | कदमगाछी टोल | ५ | २४ | ६ | ३० | ४ | २ | ६ | २० | ४ | २४ |
| | | | ९९ | १६ | ११५ | १८ | ७ | २५ | ८१ | ९ | ९० |

(स्रोत : गा.वि.स. को कार्यालय कटहरी, २०६८)

जम्मा उत्तीण प्रतिशत ७८%

जम्मा कक्षा छोड्ने २२%

जम्मा १००%

उपरोक्त तालिका नं. १० अनुसार यस कटहरी गा.वि.स. अन्तर्गत सञ्चालन भएको ४ वटा वडाहरूका प्रौढ साक्षरता कक्षामा संलग्न भएका जम्मा प्रौढहरू ११५ जना रहेका छन् । जसमा महिला संख्या ९९ र पुरुष संख्या १६ जना छन् । तिनीहरूमध्ये बीचैमा कक्षा छोड्ने महिला संख्या १८ र पुरुष संख्या ७ गरी जम्मा २५ जना रहेका छन्  भने निरन्तर कक्षामा सहभागी भई तोकिएको समयावधी सम्म आफूलाई संलग्न गराई निरक्षरबाट साक्षर हुने प्रौढहरूमा महिला संख्या ८१ र पुरुष संख्या ९ गरी जम्मा ९० जना रहेका छन् । प्रतिशतका आधारमा व्याख्या गर्दा जम्मा महिला उत्तीर्ण संख्यालाई एक सयले गुणन गरी

कूल भर्ना संख्याले भाग गर्दा जम्मा ७०% महिला प्रौढहरू उत्तीर्ण भएका छन् भने जम्मा पुरुष उत्तीर्ण संख्यालाई एक सयले गुणन गरी कूल भर्ना संख्याले भाग गर्दा नौं प्रतिशत पुरुष प्रौढहरू उत्तीर्ण हुदा जम्मा ७८% प्रौढहरू उत्तीर्ण भएका छन् । त्यसै गरी जम्मा महिला कक्षा छोड्ने प्रतिशत १६ र पुरुष कक्षा छोड्ने प्रतिशत ६ गरी जम्मा २२% प्रौढहरूले कक्षा छोडेका छन् ।

यसबाट के प्रस्ट हुन आएको छ भने यस गा.वि.स.ले निरक्षरता उन्मूलन गर्ने उद्देश्य राखी सञ्चालन गरेको प्रौढ साक्षरता कक्षामा प्रौढहरूको सम्लग्नता त्यति उत्कृष्ट नदेखिएता पनि सहभागिता भएकाहरू मध्ये ७८% प्रौढहरूलाई साक्षर बनाउन सफल हुनु भनेको आगामी दिनमा कटहरी गा.वि.स.ले सतप्रतिशत प्रौढहरूलाई साक्षर बनाउन सफल हुन सक्छ भन्ने योगदान छोडेको छ । परिणाम स्वरुप नै २०६८/०६९ मा यस गा.वि.स.ले नयाँ सोचका साथ निरक्षरता उन्मूलन गर्न ९ वटा वडाहरूमा नै ४३ जना अभियन्ताअरूको परिचालन गरी २०६८/०७/०६ देखि तालिम दिई आफ्नो कार्य प्रारम्भ गरी कार्यान्वयनमा ल्याउदै आएको छ ।

## ४.२.१. पौढ साक्षरता कार्यक्रमहरूवाट प्रभावित पक्षहरूको उपलव्धता

देशवाट निरक्षरतादर न्यूनिकरणका लागि कार्यान्यनमा ल्याईएका अनौपचारिक शिक्षा अर्न्तगतका विभिन्न कार्यक्रमहरूमध्ये प्रौढ साक्षरता पनि एक हो । यसले विद्यालय शिक्षा लिन नपाएका र लिदाँलिदै बिचैमा कक्षा छोड्न वाध्य १४-४५ बर्ष उमेरका प्रौढहरूलाई समेट्छ भने शिक्षा लिन चाहने पैतालिस बर्षमाथिका ६० वर्ष भित्रका प्रौढहरूलाई पनि शिक्षा उपलव्ध गराँउदछ । प्रौढ साक्षरताको मूख्य उद्देश्य निरक्षर प्रौढहरूलाई साक्षर वनाई आधारभूत आवश्यकता परिपूर्तिका निम्ति सक्षम वनाउनु रहेको छ । फलस्वरूप यस गा. वि. स. ले सञ्चालनमा ल्याएको प्रौढसाक्षरतामा संलग्नता जनाएका प्रौढहरू मध्ये केहि प्रौढहरूले बाध्यत्मक परिस्थितिका कारण कक्षा छोड्न पुगे पनि नियमित रूपमा सहभागिता जनाई पुरै समयावधी सम्म ज्ञान आर्जन गर्ने प्रौढहरूनै यस कार्यक्रमका प्रमुख पक्ष भएकाले उनीहरूले सामान्य लेख पढ र हर हिसाव गर्न सकेको, सामुहिक छलफल तथा भेला गोष्ठीहरूमा दुई वचन मन्तव्य दिन सकेको, आफ्नो समस्याहरू खुलस्त रूपमा राख्न सकेको जस्ता उपलव्धताहरू अभिवृद्धि भएको पाईएको छ ।

त्यसैगरी प्रौढहरू आफ्नो शारीरिक बौद्धिक, सामाजिक र संवेगात्मक सक्षमतामा वृद्धि गर्न, सामाजिक रूपान्तरणमा आफूलाई संलग्न गराउन, सामाजिक साँस्कृतिक परिस्थिति अनुसार आफ्नो मौलिकतालाई प्रस्तुत गर्न, आर्थिक उन्नति र प्रगतितर्फ उनमुख हुन, व्यक्तित्व विकास गर्न आधारभूत आवश्यकता परिपूर्ति गर्न, व्यावसायिक निपुर्णता प्राप्त गर्न, आफूमा नैतिकताको विकास गराउनका साथै आफ्नै अनुभूतिद्वारा जीवन समृद्ध वनाउन सफल भएको जस्ता उपलव्धिहरू प्राप्त भएको देखिएको छ ।

## ४.३ प्रौढ साक्षरता कार्यक्रममा देखिएका समस्याहरू

यस मोरङ जिल्ला स्थित कटहरी गा.वि.स.मा सञ्चालित प्रौढ साक्षरता कक्षाहरू मध्ये नमूना छनोट वडाहरूमा सञ्चालित प्रौढ साक्षरता कक्षाहरूको स्थलगत अध्ययन, भ्रमण तथा अवलोकन गरी विभिन्न माध्यम तथा स्रोतहरूबाट जानकारी हासिल गर्ने प्रयास गरिएको थियो । कुनै पनि कार्यक्रमको प्रभावकारी कार्यान्वयन र सञ्चालनका लागि एक पक्षीय प्रयासबाट मात्र असम्भव हुने हुँदा यस अनौपचारिक प्रौढ साक्षरता अभियान कार्यक्रम कार्यान्वयन र सञ्चालनका सम्बन्धमा सम्वन्धित सबै निकाय, व्यक्ति तथा संस्थासँग सम्पर्क राखी यो कार्यक्रम सञ्चालन र कार्यान्वयनमा देखिएका समस्या एवम् समाधानका उपायहरूबारे जानकारी हासिल गर्ने सन्दर्भमा तपशीलका व्यक्ति तथा स्रोतहरूको सहयोगमा निम्न जानकारीहरू हासिल गरियो ।

### ४.३.१ साक्षरता स्वयंसेवकका समस्याहरू

यस गा.वि.स.मा सञ्चालित अनौपचारिक प्रौढ साक्षरता शिक्षाको विविध पक्षको जानकारी हासिल गर्ने क्रममा छनोट गरिएका वडाका साक्षरता कक्षाका स्वयंसेवकहरूसँग विशेष अर्न्तवार्ता, छलफल प्रश्नावली तथा अर्न्तक्रिया गर्दा पाएको जानकारी अनुरूप साक्षरताका कक्षा सञ्चालन सम्वन्धी ५ दिने तालिम थोरै भएको जसले गर्दा प्रौढहरूको रूची, क्ष्मता र स्तर अनुसार मनोवैज्ञानिक शिक्षण गर्न नसकिएको, उपलब्ध गराइएको शैक्षिक सामग्रीहरू अपुरो हुनुका साथै पाठ्यक्रम पनि प्रौढहरूको सिकाइ केन्द्रित नभएको, अव्यवस्थित कक्षा व्यवस्थाप हुनुका साथै फर्निचरको कमीका कारण तोकिएको समयमा सबै सहभागीहरूको समान उपस्थिति नरहेको, पढाउने समय प्रतिकूल भएको, गा.वि.स.ले समयमानै पाठ्यसामग्रीहरू उपलब्ध नगराएको जसले गर्दा प्रौढहरूको सहभागिता न्युन हुदै गरेको जस्ता समस्याहरू प्राप्त हुन आएको छ ।

त्यसै गरी अधिकांश स्वयंसेवकहरू दलित जनजाति एवम् महिला भएकोले पनि श्रीमानहरूले पढाउन जानुहुन्न भन्ने मनोवैज्ञानिक दवाव सृजना गरिदिएको, प्रौढहरूले शिक्षकको रूपमा नहेरिदिएको, जसले गर्दा पढाउन गाह्रो हुनका साथै पढाइप्रति ध्यान केन्द्रित गराउन नसकिएको, स्थानीय निरीक्षकहरूले कक्षा अनुगमन र मूल्याङ्कन गरेर वेलावेलामा जानकारी उपलब्ध नगराएको ५ दिने तालिमले चाहेअनुरुपको ज्ञान आर्जन गराउन नसकिएको, कहिलेकही साक्षरताका सहभागी विद्यार्थीहरूको अति न्यून सहभागिताले कक्षा सञ्चालनमा गाह्रो भएको, २ घण्टाको शिक्षण समयावधि तोकिए पनि तोकिएको समयमा प्रौढहरू उपस्थित नहुदा छिट्टै कक्षा छोड्नु परेको, अनौपचारिक शिक्षा केन्द्रले उपलब्ध गराएको पारिश्रमिक कम भएको जस्ता समस्या र गुनासाहरू रहेको पाइयो ।

यदि प्रौढ साक्षरता कक्षाको उचित व्यावस्थापन, भौतिक एवं शैक्षिक सामग्रीहरूको उपलब्धता, गा.वि.स.बाट उचित अनुगमन र दक्ष र व्यावहारिक व्यक्तिहरूको छनौट गरी उचित तालिमका माध्यमबाट प्रौढ साक्षरता कक्षा सञ्चालन गर्ने हो भने अधिकांश निरक्षकहरूलाई सहभागी गराई साक्षर दर वृद्धि गर्न सकिन्थ्यो ।

### ४.३.२. साक्षरता कक्षामा सहभागी प्रौढहरूका समस्याहरू

शोध अध्ययनका क्रममा यस गा.वि.स.का छनौटमा परेका साक्षरता कक्षामा सहभागी केही विद्यार्थी संख्याहरू बीच प्रत्यक्ष भेटघाट गरी, छलफल र अन्तरक्रियाका माध्यमबाट जानकारीहरू प्राप्त गर्ने प्रयास गरिएअनुसार कतिपय शैक्षिक सामग्रीहरू समयमा नआइपुगेको, आइपुगे पनि वितरण नगरिएको, आफैंले कापी पेन्सील ल्याउनु परेको, स्वयंसेवकले आफूलाई ठूलावडा शिक्षकहरू सो सरह सम्झी गालि गर्ने गरेको, सिकाइका लागि उत्साहित गर्नुको सट्टा निरास उत्पन्न गराउने गरेको, नजानेको कुरा सोध्दा झर्कोफर्को गरेको, कसैलाई बढी र कसैलाई थोरै पढाउने समय दिने गरेको, आफूहरू आइपुगी सक्दा पनि समयमा शिक्षकहरू नआएको, आए पनि आफ्नै समस्यामा बढी केन्द्रित रहेको, पाठ्यपुस्तक सँग सम्बन्धित सन्दर्भसामग्रीहरू उचित नरहेको, प्रौढहरूको मानसिकता भन्दा कठिन पाठ्यपुस्तक उपलब्ध गराइएको जस्ता समस्याहरू प्राप्त हुन आए । जसले गर्दा प्रौढ साक्षरता कक्षा प्रभावकारी ढंगले सञ्चालन नभएको पाइयो ।

अधिकांश प्रौढहरू आदिबासी जनजाति र दलित समूहका भएकाले जनचेतनाको कमीले होला पारिवारिक सहयोग नपाएको, घरधन्दाका सम्पूर्ण कामहरू भ्याएर बल्लतल्ल समय निकाल्नु परेको । घुम्टो ओढ्ने प्रथाले गर्दा घरका पुरुषहरू समावेश भएठाउँमा आफू संलग्न हुन गाह्रो भएको जस्ता समस्याहरू जानकारी हुन आएको पाईयो ।

४.३.३स्रोतव्यक्तिसंगका समस्याहरू

अनौपचारिक शिक्षाले प्रौढ साक्षरतामा पारेको प्रभाव भन्ने शीर्षकमा आधारित रही यस मोरङ जिल्ला स्थित कटहरी गा.वि.स.मा सञ्चालित साक्षरता कक्षा सञ्चालनमा देखिएका विविध पक्षहरूका सम्बन्धमा यसै स्रोत केन्द्रका स्रोतव्यक्ति श्री इन्जकुमार बास्तोला ज्यूसँग प्रत्यक्ष अर्न्तवार्ता, भेट एवम् प्रश्नावलीहरूबाट विविध जानकारी हासिल गरियो । प्रौढ कक्षामा अध्ययनरत सहभागी विद्यार्थीहरूको सिकाई उपलब्धि, स्थानीय निरीक्षकहरूको निरीक्षणमा सक्रियता, प्रौढ कक्षा सञ्चालनमा देखिएका समस्याहरू सवल र दुर्वल पक्षहरूका साथै अन्य विविध पक्षहरूसँग जानकारी हासिल गर्ने क्रममा प्रौढ कक्षा पढाउनका लागि नियुक्ति भएका साक्षरता शिक्षकहरूको योग्यता आइ.ए.,आइ.एड वा बि.एड भए पनि उमेर र व्यावहारका हिसावले अपरिपक्व देखिएको, प्रौढको स्तर, उमेर र चाहना अनुरूप मनोवैज्ञानिक शिक्षण गर्न नसकेको, शिक्षणकला तथा मनोवैज्ञानिक ज्ञानको अभाव भएकाले प्रभावकारी शिक्षण गर्न नसकेको, शैक्षिक सामग्रीको उचित प्रयोग गर्न नजानेको, की वर्ड अप्रोच का माध्यमबाट तालिम उपलब्ध गराइए पनि तालिम अनुसार नपढाई क,ख,ग,घ अनुसार नै पढाएको, ५ दिने तालिमले मात्र उनीहरूलाई योग्य नबनाएको, भौतिक तथा शैक्षिक सामग्रीको अभावका कारण सहभागी सम्पूर्ण शिक्षार्थीहरूलाई समानुपातिक रुपमा समय दिन नसकेको जस्ता समस्याहरू प्राप्त भयो ।

त्यसैगरी दलगत स्वार्थका कारण आन्तरिक शक्तिहरूबीच सम्वन्ध विग्रन गएको, जि.शि.का. र गा.वि.स.बाट निरीक्षण र अनुगमन प्रभावकारी नभएको, अधिकांश आदिबासी प्रौढहरूमा अन्धविश्वास र जनचेतनाको अभावका कारण घुम्टोप्रथा रहिरहेको र घरका जेठाजु ससुराहरूका ठाउँमा पढ्न नहुने भन्ने मानसिकताले अनुपस्थित रहेको, पुरुष प्रौढहरू कम उपस्थित रहेको र सहभागी हुनेले पनि बीचैमा कक्षा छोडेको, स्थानीय निरीक्षकहरूलाई प्रोत्साहन स्वरूप उपलब्ध गराइएको पारिश्रमिक मासिक भत्ता कम भएकाले शिक्षण सिकाई कार्यमा मनोवैज्ञानिक असर परेको, अधिकांश निरक्षर प्रौढहरू ३५-४० बर्ष बीचका भएकाले अनौपचारिक शिक्षाप्रति आकृष्ट गराउन कठिन भएको, व्यावहारिक रूपमा सबै सरोकार

पक्षहरूलाई समेटन नसकिएको, अनौपचारिक शिक्षातर्फ राज्यले विनियोजन गरेको १.४% रकम कम भएको, फलस्वरूप अनौपचारिक शिक्षा अन्तर्गतका विभिन्न कार्यक्रमहरू सञ्चालनमा प्रभावकारिता नआएको जस्ता समस्याहरू प्राप्त हुन आए ।

स्रोत व्यक्तिको प्रतिक्रिया अनुसार नै स्वयंसेवकहरूले आफूलाई शिक्षकको रूपमा उभ्याई प्रौढसँग दुर्व्यावहार गरेका कारण सहभागिहरूले बीचैमा कक्षा छोड्न पुगेको, घरायसी कामकाज, टाढा दुरीको साक्षरता कक्षा, कक्षा व्यावस्थापनमा अप्रभावकारिता, स्थानीय सरोकारवालाहरूको कम चासोका कारण प्रौढहरूलाई कक्षा उपस्थितिमा सहजता नदेखिएकोले प्रौढ शिक्षाको सञ्चालन तथा व्यवस्थापनमा थप समस्या देखिएको जानकारी प्राप्त भयो ।

### ४.३.४ अभिभावकहरूका समस्याहरू

यस शोध अध्ययनका क्रममा यस कटहरी गा.वि.स.मा सञ्चालित प्रौढ साक्षरता कक्षा सञ्चालन भएका वडाहरू मध्ये नमूना वडाका केही अभिभावकहरू सँग सम्पर्क गरी छलफल गर्ने प्रयास गरिएको थियो । छलफलका क्रममा आफ्नो वडामा सञ्चालित प्रौढ शिक्षाको प्रभावकारिता र आवश्यकताका बारेमा जानकारी लिने प्रयास अनुरूप उहाँहरूले आफ्नो वडामा यो कार्यक्रम क्रन्तिकारी परिवर्तन ल्याउने साधन भएको, आफूमा जनचेतनाको अभाव र शिक्षाप्रतिको कम चासोका कारण छोराछोरी हरूलाई विद्यालय नपठाउँदा आफू जस्तै निरक्षर रहेको तर यस साक्षरता कार्यक्रमले आफ्ना छोराछोरीलाई केही हद सम्म अक्षर चिन्न र पढ्न सहयोग गरेको जसले गर्दा कार्यालयका सानातिना कामहरूमा, चिठ्ठीपत्र पढ्नमा लेख्नमा आफूलाई सहयोग गरेको जस्ता सकारात्मक राय प्रस्तुत गरेका थिए । त्यसै गरी आर्थिक अभाव कम भएका व्यक्तिहरूका लागि सीपमूलक साक्षरता कार्यक्रम ल्याई अझ प्रभावकारी हुने धारणा व्यक्त गर्नुका साथै दलित, जनजातिको मानसिकता शिक्षा आर्जन गर्ने तर्फ भन्दा पनि ज्याला मजदुरी गर्ने तर्फ बढी केन्द्रित भएकाले प्रौढ साक्षरताले शिक्षाका माध्यमबाट रोजगारीमा प्रवेश गर्ने चेतना प्रदान गराएको फलस्वरूप उद्योगधन्दा तथा कम्पनिका ठूलावडाहरूबाट आफ्ना छोराछोरीहरू ठगिनबाट वच्न सफल भएको तथ्य प्राप्त भयो ।

यसरी अशिक्षित समूदायमा साक्षरता शिक्षा घाउमा लगाउने मलमको अनुभूती गर्ने अभिभावकहरूले अत्यावश्क साधनको रूपमा स्वीकारेको पाइयो । तर स्वयंसेवकको

व्यावहारबाट दिक्दारी मानेका घरका सहभागी सदस्यहरूले आफ्नो मनोभावना बुझ्न सफल भई शिक्षण गर्न सक्ने शिक्षकको नियुक्ति गरिदिए, पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरूको उपलब्धता गराइदिए, स्थानीय निरीक्षकले बेलाबेलामा अनुगमन गरी शिक्षकलाई सल्लाह सुझाव दिए, यसको प्रभावकारिता अझ वढेर जाने सुझाव दिएका थिए ।

### ४.३.५ लक्षित समूह छलफलबाट प्राप्त समस्याहरू

अनौपचारिक शिक्षाले प्रौढ साक्षरतामा पारेको प्रभाव शीर्षकमा अध्ययन गर्नका निम्ति छनौटमा परेको नमूना गा.वि.स.का सहभागि प्रौढहरू, अभिभावकहरू, स्वयम्सेवमहरू, स्रोत व्यक्तिका साथै अन्य सरोकारवाला व्यक्तिहरू सम्म पुगिएको थियो । उक्त समूहमा अनौपचारिक शिक्षा मध्ये प्रौढ साक्षरता शिक्षा के हो, यसले हाम्रो समाजमा कस्तो छाप छोड्न सकेको छ, कक्षा सञ्चालनमा के कस्ता समस्याहरू झेल्नुपर्‍यो, प्रौढहरूको झुकाव कत्तिको पाइयो, सहभागीहरू सिकाईप्रति सन्तुष्ट छन्/छैनन्, पाठ्यक्रमको उपलब्धता, सहभागी नियमितता, स्वयम्सेवकको व्यवहार आदि जस्ता समस्याहरूमा छलफल गर्दा सो समूहले साक्षरता कक्षा सञ्चालन आजको आवश्यकता र महत्वपूर्ण अङ्ग भएको स्वीकार गरेको पाइयो तर यसको सञ्चालन, व्यवस्थापन र कार्यान्वयन पक्ष फितलो भएका कारण जति निरक्षरहरूलाई शिक्षाको पहुँचमा ल्याउनुपर्ने हो त्यति ल्याउन नसकिएको जानकारी प्राप्त भयो । त्यस्तै अभिभावक, सहभागी र स्वयम्सेवकहरूले तालिम र व्यवस्थापनको छलफलका क्रममा तालिम कम भएको र व्यवस्थापन पक्ष अति नाजुक भई आफूलाई सक्रियताका साथ सहभागी गराउन नसकिएको गुनासाहरू गरेको पाइयो ।

## ४.४ प्रौढ साक्षरता कार्यक्रम प्रभावकारी बनाउने उपायहरू :

जबसम्म देशमा साक्षरता प्रतिशत बढ्दैन तबसम्म निरक्षरताको बाहुल्यता रहिरहने हुनाले विकास निर्माणका कार्यहरुमा उनीहरुको संलग्नता बढाउन सकिदैन । यसका निम्ति नेपाली समाजको विविधता र भौगोलिक विकटतालाई दृष्टि पुर्‍याई आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरी साक्षरता अभियानलाई कार्यमूलक र आयमूलक बनाउनु नितान्त आवश्यक छ । केन्द्र र स्थानीयस्तरमा साक्षरता सञ्जाल

निर्माण गरी राष्ट्रिय अभियानका रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ । राजनीति प्रतिबद्धत्ता, गैरसरकारी क्षेत्रको परिचालन, विभिन्न निकायबीच समन्वय साक्षरोत्तर र अन्य आयमूलक कार्यक्रम सञ्चालन चौपचारिक र अनौपचारिक शिक्षाको समकक्षता र लगानी बृद्धि गरी साक्षरता अभियानलाई राष्ट्रव्यापीरुपमा सञ्चालन गरिनु पर्दछ । विगतका कमिकमजोरीहरुलाई हटाउँदै व्यापक जनसहभागितामा सरोकारवालाहरुको माग र आवश्यकता अनुसार साक्षरता कक्षा सञ्चालन गर्नुपर्दछ । सरकारी र गैरसरकी क्षेत्रबीच सहकार्य र समन्वय गरी साक्षरता कार्यक्रमलाई सबैको साझा कार्यक्रमका रुपमा अगाडि बढाउनुपर्छ । पिछाडिएको वर्ग र समुदायलाई साक्षर गराई सचतेनाको विकास गराउन सकेमा मात्रै नेपालको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक विकास हुनसक्दछ । तसर्थ उपभोक्तावर्गले अनुभूत गरेको आवश्यकतामा आधारित पाठ्यक्रम निर्माणगरी दीर्घकालीन लक्ष्य राखेर साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्दछ । आगामी दिनमा साक्षरता कार्यक्रमलाई मूर्तरुपदिन सञ्चालन पक्षले निम्नानुसारका कदमहरु चाल्नुपर्ने देखिन्छ ।

क. आर्थिक लगानीमा बृद्धि गरिनु पर्दछ ।

ख. राजनीतिक प्रतिबद्धता जाहेर गरिनु पर्दछ ।

ग. लक्षित समुदाय निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

घ. व्यापक जनसहभागिता जुटाई साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

ङ. साक्षरता अभियानका लागि सञ्चारका माध्यमबाट व्यापक प्रचारप्रसार गर्नुपर्छ ।

च. साक्षरताका लागि योजना निर्माण गरी कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

छ. साक्षरता अभियानलाई राम्रोसँग सञ्चालन गर्न केन्द्रदेखि स्थानीय तहसम्म उपर्युक्त सांगठानिक संरचना बनाउनु पर्दछ ।

ज. योजना निर्माण गरी त्यसको उचित व्यवस्थापन गर्नु पर्दछ ।

फलस्वरूप यस कटहरी गा.वि.स. ले पनि साक्षरतादर अभिबृद्धिका लागि निम्न उपायहरू अवलम्बन गर्नु उचित देखिन्छ ।

प्रौढहरूलाई साक्षरता शिक्षा उपलब्ध गराइ सकेपछि साक्षरताका माध्यमबाट उपयोग गर्न सक्ने बेग्लै सीपमूलक रोजगारी कार्यक्रमको व्यवस्था गर्नुपर्ने, सहभागिहरूलाई कक्षा सञ्चालन अवधी भर खाजा र भत्ताको व्यवस्था गरिनु पर्ने वेलावेलामा आयआर्जनमूलक स्थानहरूको भ्रमण गराइनुपर्ने, सीपमूलक कार्यमा तालिम उपलब्ध गराइदिनुपर्ने, प्रौढहरूको मनोभावना अनरूप शिक्षण गर्न सक्ने स्वयंसेवकहरूको नियुक्ति गरिनुपर्ने, समाजमा बुद्धिजिवी व्यक्तित्वहरूको परिचालन गरी अनौपचारिक शिक्षातर्फ मानिसहरूलाई सकारात्मक धारणाको विकास गरिनुपर्ने साथै प्रौढहरूको रूची र क्षमता अनुसारका आकर्षित शैक्षिक सामग्रीहरूको विकास र व्यावस्था गर्न सकिएको खण्डमा साक्षरता कक्षा प्रभावकारी ढंगले सञ्चालन हुन गई बढी भन्दा बढी निरक्षर प्रौढहरूको संलग्नता गराउन सके निरक्षरता न्यूनिकरणमा सकारात्मक सहयोग पुग्ने देखिन्छ ।

त्यस्तै प्रौढ साक्षरताकक्षा सञ्चालनमा देखिएका उपरोक्त समस्याहरूलाई समाधान गर्नका लागि राज्यका तर्फबाट विनियोजन गर्दै आएको साक्षरता रकमलाई अझ बढाई शिक्षा सञ्चालनका लागि आवश्यक मसलन्द खर्च, प्रोत्साहन भत्ता, भौतिक तथा व्यावस्थापकीय खर्च प्रोत्साहन स्वरूप उपलब्ध गराइएको पारिश्रमिक भत्ता, पाठ्यपुस्तक एवं शैक्षिक सामग्रीको स्तरीयतामा वृद्धि गर्नुका साथै साक्षरताका शिक्षकहरूलाई अलि बढी समयको तालिमको व्यवस्था, योग्य दक्ष र अनुभवी तालिमप्राप्त स्थानीय निरीक्षकको व्यावस्था, निरन्तर अनुगमन र मूल्याङ्कन प्रणाली, गा.वि.स. तथा अनौपचारिक शिक्षाकेन्द्रको सक्रिय सहभागिता, स्थानीयस्तर जिल्लास्तरबाट चासो वढाई अनुगमन गर्ने व्यावस्था गर्न सके प्रौढ शिक्षाको प्रभावकारितामा सुधार आउने देखिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्तिहरू

मोरङ जिल्लाको कटहरी गा.वि.स.मा अनौपचारिक शिक्षा अन्तर्गत प्रौढ साक्षरता शिक्षाका कार्यक्रमहरू वेलावेलामा सञ्चालन हुदै आइरहेका छन् । यसै सन्दर्भमा २०६७/०६८ सालमा सञ्चालित यस गा.वि.स.को प्रौढ साक्षरता कार्यक्रम कार्यमूलक भन्दा पनि आधारभूत प्रौढ साक्षरता तर्फ केन्द्रित भएकोले उक्त कार्यक्रममा सहभागी निरक्षर प्रौढहरूलाई अक्षर चिन्न, पढ्न लेख्न लगाउनका साथसाथै दैनिक जीवनमा आइपर्ने साधारण र व्यावहारिक कागजात लेख्न सक्ने गराउनेमा बढी केन्द्रित रहेको पाइयो । साथमा साक्षरताको आधुनिक धारणा 7Rs सम्वन्धी सीपको विकास गर्नुका साथै आयआर्जन र जिविकोपार्जनका सीपहरू उपलब्ध गराउने तर्फ पनि प्रयत्नरत देखियो । शोध पूर्ण रूपमा अनौपचारिक साक्षरताको गतिविधि सँग सम्वन्धित रहेकाले अध्ययनका क्रममा मोरङको कटहरी गा.वि.स.मा सञ्चालित प्रौढ साक्षरता कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गर्ने, यस कार्यक्रमले प्रौढ साक्षरतादर वृद्धि गर्न पुर्‍याएको सहयोगको लेखाजोखा गर्ने तथा कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरू पहिचान गरी समाधानको उपायहरू सुझाउने रहेकाले अनुसन्धानका क्रममा यी सम्पूर्ण पक्षहरूको अध्ययन गरी प्राप्त सूचनाको व्याख्या तथा विश्लेषण गरिएको थियो । फलस्वरूप यस अध्ययनबाट निस्किएका प्राप्तिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

यस गा.वि.स.मा सञ्चालित अनौपचारिक प्रौढ साक्षरता कार्यक्रममा नेपाल सरकार र अनौपचारिक सेवा केन्द्रको संलग्नता बाहेक अन्य संघसंस्थाहरूको संलग्नता निस्कृय रहेको पाइयो । अनौपचारिक प्रौढ साक्षरता कार्यक्रममा सहभागी अधिकांश प्रौढहरू दलित तथा जनजातिका तर्फबाट रहेको र अन्य जातजातिको सहभागिता सून्य देखियो । संलग्न सहभागिहरूमध्ये महिला प्रौढहरूको सहभागिता उच्च रहेको र पुरुषहरूको सहभागीता न्यून रहेको पाईयो । स्रोतकेन्द्रले गरेको सर्वेक्षण प्रोफाईलमा अनौपचारिक शिक्षा कार्यक्रम अर्न्तगत जातिगत र लिङ्गका

आधारमा सहभागी संख्या छुट्टयाइएको पाइयो तर उमेरगत आधारमा छुट्याइएको पाइएन ।

अन्य जाति (क्षेत्री, बाहुन) बाट प्रौढ साक्षरतामा सहभागिता नजनाउनुको कारण आर्थिक रूपले सम्पन्न र शैक्षिक रूपले चेतनशील भई औपचारिक शिक्षा तर्फ भर्ना भएको देखियो भने दलित र जनजातिको सहभागिता अनौपचारिक शिक्षा तर्फ बढी हुनुको कारण आर्थिक रूपमा विपन्न, शैक्षिक रूपमा असक्षम, सामाजिक र राजनैनिक रूपमा पिछडीनुका साथै आर्थिक अभावका कारण शुल्क तिरेर महङ्गो शिक्षा आर्जन गर्न नसक्नु रहेको पाइयो । यसबाट यो प्रष्ट भयो की औपचारिक शिक्षामा भर्ना भएका अधिकांश दलित जनजातिहरूले बीचैमा कक्षा छोड्नुको कारण पनि आर्थिक अभाव नै रहेको देखियो ।

अध्ययनकै क्रममा साक्षरता कक्षामा शैक्षिक सामग्री तथा पाठ्यपुस्तकको उचित व्यवस्थापनमा गा.वि.स.ले खासै पहल नगरेको भेटियो । साक्षरता कक्षामा उपलब्ध शैक्षिक सामग्रीहरूको व्यवस्थापन र उचित प्रयोग नगरेको पाइयो । साक्षरता अभियान कार्यक्रमका लागि नियुक्ति भएका सहभागी शिक्षकहरूको शैक्षिक योग्यता उच्च तहको देखिएता पनि उमेर र व्यवहारका हिसावले अपरिपक्व देखियो । साक्षरता स्वयंसेवकहरूलाई उपलब्ध गगराइएको ५ दिने तालिम थोरै अवधिको भयो जसले गर्दा उनीहरूले प्रौढहरूको मनोविज्ञान अनुसार शिक्षण गर्न नसकेको प्रष्टियो ।

यस गा.वि.स.मा आधारभूत साक्षरता शिक्षालाई प्राथमिक स्थानमा र कार्यमूलक साक्षरतालाई गौण स्थानमा राखेको देखियो । आयआर्जनमूलक, सीपमूलक, घरेलु तथा व्यवसाय मूलक शिक्षा प्रदान गराउनुको सट्टा 3Rs र 7Rs उद्देश्य प्राप्त गराउने तर्फ लागीपरेको भेटियो । साक्षरता अभियान कार्यक्रम अर्न्तगत नियुक्त भएका शिक्षकहरू बौद्धिकता, योग्यता र व्यावहारिकताका आधारमा नभई महिला तथा पिछडिएको वर्गका आधारमा नियुक्ति भएको पाइयो, जुन पद्दती शिक्षण जस्तो संवेदनशील र विशुद्ध पेशामा भर्ना हुनका लागि हानिकारक छ । साक्षरता स्वयंसेवकलाई दिइएको मासिक पारिश्रमिक रु.२,०००।- र स्थानीय निरीक्षकलाई दिइएको २,५००।- थोरै भएको गुनासो उनीहरूबाट प्राप्त भयो । वास्तवमा सो गुनासो सराहनीय देखिन्छ । प्राप्ति कै क्रममा अनौपचारिक शिक्षा प्रति नै समूदायका सबै पक्षहरूले समान सहभागिता नराखेको पाइयो । साक्षरता अभियान कार्यक्रमको

अनुगमन तथा निरीक्षण स्थानीय निरीक्षकले मात्र गरेको तर जिल्ला र गा.वि.स. स्तरबाट कुनै चासो वा पहल नदेखाइएको पाइयो ।

## ५.२ निष्कर्ष

औपचारिक शिक्षाले मात्र समाजका सबै जातजाति, भाषाभाषी, वर्ग र लिङ्गका मानिसहरूलाई आफ्नो पहुँचमा समेट्न नसकेको अवस्थामा ती सबै वर्ग र समुदायका व्यक्तिहरूलाई शिक्षाको मूलधारमा समाहित गर्न अनौपचारिक शिक्षा प्रणालीले ठूलो योगदान पुऱ्याएको छ भन्ने कुरामा दुईमत नहोला । विभिन्न कारणले विद्यालय शिक्षा लिन नपाएका, पढ्दा पढ्दै बीचैमा विद्यालय छोडेका, आफ्नो रूची, चाहना, आवश्यकता र समयानुसार स्वतन्त्र रुपले शिक्षा लिन चाहने जुनसुकै समूदाय, वर्ग र लिङ्गका व्यक्तिहरूका लागि अनौपचारिक शिक्षालाई आधुनिक शिक्षा प्रणालीको वैकल्पिक माध्यमका रूपमा लिइएको छ । यसै परिवेशमा सञ्चालक तथा उपभोक्ता वर्गले अनौपचारिक शिक्षाको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाई साक्षरता दर वृद्धि गर्दै लानु नितान्त सान्दर्भिक देखिन्छ ।

शिक्षालाई विकासको बीउको रूपमा लिन सकिन्छ किनकी विना शिक्षा कुनै पनि क्षेत्रको विकास असम्भव छ । जुनसुकै देशको विकासका विभिन्न सूचकहरू मध्ये शिक्षा क्षेत्रको विकास पनि एक सूचक हो । शिक्षित हुनका लागि शिक्षा नै चाहिन्छ । शिक्षाले नै मानिसलाई सभ्य बनाउँछ । शिक्षाका माध्यमबाट साक्षरता दर पहिचान हुने भएकोले जुन ठाउँमा साक्षरता प्रतिशत बढी छ स्वतः त्यस ठाउँका मानिसहरू शिक्षित छन् भन्ने बुझिन्छ ।

हाम्रो देशको सन्दर्भमा भन्ने हो भने २०५८ सालको जनगणना अनुसार कूल जनसंख्याको ५३.६४% मानिसहरू शिक्षित रहेकोमा ६५% पुरुष र ४३% महिला रहेका थिए भने ३५% पुरुष र ५७% महिला निरक्षर देखिएका थिए । त्यसैगरी २०६८ सालको जनगणना अनुसार नेपालको कूल जनसङ्ख्या २,६६,२०८०९ मध्ये ६५.८% पुरुष र ४२.८% महिला साक्षर रहेको देखाएको छ भने अझै पनि विद्यालय उमेरको ३७% जनसङ्ख्या निरक्षर रहेको पाइएको छ । वर्तमान समयमा यी ३७% जनसङ्ख्या निरक्षर हुन भनेको राष्ट्रको शैक्षिक विकासको मूलधारमा समाहित गर्न नसक्नु हो । यदि ती समूहलाई पनि शैक्षिक मूलधारमा ल्याउने हो भन्ने राज्यको द्रुत विकासमा मद्दत पुऱ्याउन सक्छ भन्ने ठहर गर्न सकिन्छ ।

विभिन्न कारणले विधलय जान नसकी औपचारिक शिक्षा लिनबाट बञ्चित समूहका लागि शिक्षाको दोस्रो अवसर प्रदान गर्ने उद्देश्यका साथ नेपालले पनि अनौपचारिक शिक्षा पद्धतिलाई संस्थागत स्वरूप प्रदान गर्ने मनसायले वि.सं.२०५५ सालमा राष्ट्रिय अनौपचारिक शिक्षा परिषद् (NNFEC-2055) को गठन गरेको थियो । तत्पश्चात अनौपचारिक शिक्षा सम्वन्धीका विभिन्न कार्यक्रमहरू कार्यान्वयन गर्दै आउने क्रममा आ.व.२०६४/०६५ भित्रमा ७८ लाख निरक्षर जनसङ्ख्यालाई साक्षर बनाउने लक्ष्य लिई कार्य प्रारम्भ गरेको थियो भने आ.व.२०६५/०६६ मा विद्यालय जानबाट बञ्चित उमेरको कूल निरक्षर जनसङ्ख्या मध्ये १८ लाखलाई र २०६६/०६७ मा कूल निरक्षर जनसङ्ख्या मध्ये १० लाखलाई अनौपचारिक शिक्षामार्फत साक्षर बनाएको विवरणले देखाएको छ । यसैगरी २०६७/०६८ मा ६,१२,९२० जनसङ्ख्यालाई साक्षर बनाएको पाइयो । हाल राष्ट्रिय साक्षरता अभियान कार्यक्रम २०६८/०६९ जारी छ, जसको विवरण प्राप्त हुन बाँकी छ (स्रोत : राष्ट्रिय साक्षरता विशेषाङ्क २०६८) ।

यसबाट के स्पष्ट हुन्छ भने विविध कारणले औपचारिक शिक्षा ग्रहण गर्न नसकेका विद्यालय उमेरका बालबालिका, युवा तथा विद्यालय उमेर बाहिरका प्रौढहरूलाई अनौपचारिक शिक्षाको माध्यमबाट शिक्षाको पहुँचमा ल्याउने प्रयास भइरहे पनि सतप्रतिशतलाई समावेश गराउन सकिइरहेको अवस्था भने छैन ।

आजको युग विज्ञान प्रविधिको युग, प्रतिस्पर्धात्मक युग, परिवर्तनको युग र गतिशील युग भनेर चिनिन्छ । यस्तो जटिल युगमा अनौपचारिक शिक्षाका माध्यमबाट साक्षर मात्र बनेका मानिसहरू रोजगार र जिविकोपार्जनका निम्ति त्यति योग्य मानिदैनन् । यस्तो अवस्थामा स्वःरोजगारका अवस्थाहरू सिर्जना गर्न सक्ने सीपमूलक र आयआर्जन मूलक कार्यक्रमहरू ल्याउनु पर्नेमा सरकारको पहल रहनु पर्ने देखिन्छ । तर राज्यले औपचारिक शिक्षा प्रणालीमा मात्र धेरै लगानी गरिरहेको र अनौपचारिक शिक्षाका लागि गरिएको लगानी ज्यादै न्यून रहेको देखिँदै आएको छ । त्यसै गरी अन्य दातृ राष्ट्र संघसंस्था तथा NGO, INGO हरूले पनि बढी औपचारिक शिक्षातर्फ मात्र लगानी गरिरहेको हाम्रो देशको परिप्रेक्षमा अनौपचारिक शिक्षा कार्यक्रमलाई व्यवस्थित गरी रोजगारमूलक बनाउन त कता हो कता औपचारिक शिक्षा लिनबाट बञ्चित मानिसहरूको सोचाइ नै अनौपचारिक शिक्षातर्फ नकारात्मक छ । जसले गर्दा अनौपचारिक शिक्षाको व्यवस्थापन र सफल कार्यान्वयन तर्फ कसैको ध्यान गएको देखिदैन । सञ्चालनमा आएका कतिपय

अनौपचारिक शिक्षाका कार्यक्रमहरू पनि व्यावसायिक, प्राविधिक, रोजगारमूलक, सीपमूलक तथा समयानुसार आयआर्जन मूलक रूपमा व्यवस्था नभएको हुँदा सैद्धान्तिक ज्ञानमात्र प्रदान गर्ने साक्षरता शिक्षामा निरक्षरहरूको संलग्नता कम छ भन्न सकिन्छ ।

साक्षरता विकासका लागि अनौपचारिक शिक्षा अर्न्तगतको प्रौढ साक्षरता शिक्षा कार्यक्रम यस मोरङ जिल्लाको कटहरी गा.वि.स.मा पनि केही वर्ष यता सञ्चालन हुदै आइरहेको पाइएको छ । अध्ययनलाई सीमित गरी जानकारी लिने क्रममा वि.सं. २०६७/०६८ मा सञ्चालन भएको कार्यक्रमको लेखाजोखा गर्दा उक्त गा.वि.स.को कूल जनसङ्ख्या २०१३१ जना रहेको र उक्त जनसङ्ख्या मध्ये नमूना वडाहरूको १५ वर्षमाथिको निरक्षर प्रौढहरूको कूल सङ्ख्या २२७८ रहेको देखियो । तिनीहरूमध्ये उक्त वर्षको प्रौढ साक्षरता कक्षामा समावेश हुने प्रौढहरूको जम्मा सङ्ख्या ११५ रहेकोमा नमूना वडाहरूको १५ वर्ष माथिको कूल प्रौढ सङ्ख्या मध्ये ५% मात्रले सहभागिता जनाउनु भनेको ज्यादै थोरै मात्र प्रौढहरूको झुकाव साक्षरता शिक्षातर्फ भएको देखिन्छ । यसको मतलब साक्षरता विकासमा अनौपचारिक प्रौढ साक्षरता कार्यक्रमको प्रभाव र योगदान खासै नभएको जस्तो देखिन्छ ।

त्यसै गरी १५-६० बीचको निरक्षर यूवा, प्रौढ महिला तथा पुरुषलाई साक्षर बनाउने उद्देश्यका साथ राष्ट्रिय साक्षरता अभियान कार्यक्रम लागू हुँदै आए अनुसार यस गा.वि.स.मा २०६७/०६८ मा खासै प्रौढ सङ्ख्यालाई साक्षर बनाउन नसकिएको अवस्थालाई ध्यानमा राखी पुनः २०६८/०६९ मा यसै कार्यक्रमका माध्यमबाट सतप्रतिशत निरक्षर प्रौढहरूलाई साक्षर वनाउने लक्ष्य लिई गा.वि.स.का ९ वटै वडाहरूमा ४३ जना अभियन्ताहरू र ४ जना स्थानीय निरीक्षकहरू परिचालन गरी कार्यक्रम कार्यान्वयनमा ल्याउँदै आएको पाइयो । यसबाट के प्रस्ट हुन्छ भने अनौपचारिक शिक्षालाई शिक्षाको वैकल्पिक माध्यमका रूपमा लिइएता पनि अघिल्ला वर्षहरूमा प्रौढहरूको न्यून सहभागिताको परिणाम स्वरूप यस कार्यक्रमप्रति मानिसहरूको आकर्षण न्यून छ भनी निष्कर्ष दिन सकिन्छ ।

साक्षरता विकासका लागि शैक्षिक कार्यक्रम चाहे औपचारिक होस वा अनौपचारिक त्यसको प्रभावकारी सञ्चालन तथा कार्यान्वयन गर्न नितान्त आवश्यक छ । यसका लागि राज्य नै बढी सचेत हुनु पर्दछ भने राष्ट्रिय अनौपचारिक शिक्षा परिषद र अनौपचारिक शिक्षा केन्द्रले पनि साक्षरता सेवा केन्द्रको अवधारणालाई अवलम्बन गरी आफ्नो

भूमीका प्रस्ट पार्नु पर्दछ । राज्यले विनियोजन गरेको शैक्षिक बजेटमध्ये अधिकांश बजेट औपचारिक शिक्षातर्फ मात्र लगानी भएको देखिएको अवस्थामा अनौपचारिक शिक्षा तर्फ पनि लगानी वढवामा कन्जुस्याई नगरे, कार्यक्रम कार्यान्वयन पक्षको उचित निरीक्षण, अनुगमन र लेखाजोखा गरे अनौपचारिक शिक्षाले पनि निरक्षर वर्गको साक्षरता विकासमा ठोस योगदान पुऱ्याउने तथ्य स्पष्ट छ ।

## ५.३ सुझावहरू

अनौपचारिक प्रौढ साक्षरता कार्यक्रमलाई अझ प्रभावकारी रूपमा सञ्चालन गरी साक्षरता विकासमा सहयोग गर्न निम्न लिखित सुझावहरू प्रस्तुत गरिएको छ :-

१. हाल अनौपचारिक शिक्षा तर्फ विनियोजन हुँदै आइरहेको १.४% बजेटमा

२. बृद्धि गरी त्यसको परिचालन सक्रिय रूपमा हुन पर्दछ ।

३. अनौपचारिक शिक्षा कार्यक्रम विशेषतः कार्यमूलक र व्यावहारिक हुनुपर्दछ ।

४. विशेष जाति, समूह तथा लक्षित वर्गलाई यस कार्यक्रमले समेट्नु पर्दछ ।

५. आधारभूत राष्ट्रिय साक्षरता अभियान कार्यक्रमलाई निरन्तर शिक्षा कार्यक्रमसँग एकीकृत गरेर सञ्चालन गरिनु पर्दछ ।

६. कार्यक्रम कार्यान्वयनको प्रभावकारिता र गतिशीलताको अनुगमन गर्दै आगामी दिनमा अझ प्रभावकारिता ल्याउने प्रणालीको विकास गरिनु पर्दछ ।

७. आयआर्जनमूलक अनौपचारिक शिक्षा प्रणालीको विकास गरिनु पर्दछ ।

८. अनौपचारिक प्रौढ साक्षरता शिक्षाप्रति अभिभावकहरूमा सकारात्मक सोचको विकास गराउनु पर्दछ ।

९. साक्षरता अभिवृद्धि कार्यक्रममा शिक्षण संस्थाहरूका अलावा अन्य सरकारी तथा गैह्र सरकारी संस्थाहरूलाई पनि सरिक गराउनु पर्दछ ।

१०. प्रौढ साक्षरता कार्यक्रम अर्न्तगत सहभागी हुने सबै प्रौढहरूको आवश्यकता, रूची र चाहना अनुसार मनोवैज्ञानिक शिक्षण गरिनु पर्दछ ।

११. साक्षरता स्वयंसेवकहरूको छनौट जातजाति र लिङ्गका आधारमा नभई बौद्धिकता, योग्यता र व्यावहारिक परिपक्वताका आधारमा गरिनु पर्दछ ।

१२. प्रौढ साक्षरता कक्षाको निरीक्षण र अनुगमनमा जिल्ला र गा.वि.स.ले पनि पहल गर्नु पर्दछ ।

१३. साक्षरता कक्षामा सहभागिहरूलाई प्रोत्साहन स्वरूप खाजा र भत्ताको व्यवस्था गरिनु पर्दछ ।

१४. कक्षाको उचित व्यवस्थापन र शैक्षिक सामग्रीको उपलब्धतामा जोड दिनु पर्दछ ।

१५. अनौपचारिक शिक्षा पाठ्यक्रमले प्रौढहरूको मानसिकतालाई मध्यनजर गर्दै सुहाउँदा पाठ्यसामग्री एवम् सन्दर्भ सामग्रीहरूको निर्माण गर्नु पर्दछ ।

१६. अनौपचारिक शिक्षाका लागि विनियोजित रकमलाई तोकिएको केन्द्रमा पुऱ्याउनु अघि बाटैमा हिनामिना हुने प्रवृत्तिमा रोकावट आउनु पर्दछ ।

१७. अब बन्ने नयाँ संविधानमा अनौपचारिक शिक्षा सम्बन्धीको व्यवस्था प्रभावकारी ढंगले गरिनु पर्दछ । अनौपचारिक शिक्षाको पाठ्यक्रममा परिमार्जन गरी आउने पाठ्यक्रममा आयआर्जन, रोजगारमूखी, सीपमूलक, व्यावसायिमूलक, प्राविधिक एवम् जिवनोपयोगी विषयवस्तुहरू समावेश हुनुपर्दछ ।

१८. अनौपचारिक शिक्षामा संलग्न शिक्षार्थीहरूले तोकिएको तह पूरा गरेपछि प्रमाणपत्रको व्यवस्था गरिनु पर्दछ भने विशिष्ट कक्षाहरूको तह पार गरेका हरूलाई औपचारिक शिक्षा आर्जनका लागि ढोका खुल्ला गरिनु पर्दछ ।

# सन्दर्भसामग्री


अधिकारी, तोयानाथ र अधिकारी, नवराज, (२०६७), *शिक्षाको आधार* काठमाडौं : पपुलर प्रकाशन नेपाल ।

काफ्ले, बासुदेव, सिन्हा, रामस्वरूप, (२०६१), *शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा* काठमाडौं : विद्यार्थीप्रकाशन प्रा.लि. ।

कोइराला विद्यानाथ, (२०५८), अनौपाचिक शिक्षाको अवधारणा, सुमन कमल तुलाधर, विद्यानाथ कोइराला, सुसन आचार्य र सूर्यबहादुर मुल्मी (सं.), *अनौपचारिक शिक्षा,* पृ.१-३६, काठमाडौं : सेरिड ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६५), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

गुरागाईँ, देवकुमारी, (२०६७), सबैका लागि शिक्षा प्रतिबद्धता अनौपचारिक शिक्षाको सान्दर्भिकता, *साक्षरता विशेषाङ्क,* पृ.४१-४८, भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

गौतम, गेहेनाथ, (२०६०), *विद्यालय निरीक्षक प्रतियोगिता दर्शन* काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

न्यौपाने, विनोद, (२०६३), *शिक्षा नियमावली २०४९ काठमाडौ* : बौद्धिक दर्पण प्रकाशन ।

भट्टराई, होमनाथ, (२०६३) *शिक्षाको आधार काठमाडौ* : जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

*लुइटेल,* समिरा, (२०५८), *नेपालमा अनौपचारिक शिक्षा,* पृ.३८-५२, काठमाडौं : सेरिड ।

राई, दुर्गाराज, (२०६६), *अनौपचारिक प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता,* एम.एड. द्वितीय वर्ष, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर मोरङ : (अप्रकाशित शोधपत्र) ।

शर्मा, चिरन्जीवि र शर्मा, निर्मला (२०६५), *शिक्षाको परिचय* काठमाडौ : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शर्मा, चिरञ्जीवि र शर्मा, निर्मला (२०६५), शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा, काठमाडौं : एम.के. पब्लिशर्स एण्ड ड्रिष्ट्रीब्यूटर्स ।

शिक्षा मन्त्रालय, (२०६६), *राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५,* (पहिलो शंसोधन २०६६), काठमाडौं : अनौपचारिक शिक्षा केन्द्र ।

शिक्षा मन्त्रालय, (२०६६), *अनौपचारिक शिक्षा नीति २०६३,* काठमाडौं : अनौपचारिक शिक्षा केन्द्र ।

शिक्षा मन्त्रालय, (२०६६), साक्षरता विशेषाङ्क २०६३, सानोठिमी भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

शिक्षा मन्त्रालय, (२०६६), साक्षरता विशेषाङ्क २०६५, सानोठिमी भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

शिक्षा मन्त्रालय, (२०६५), *प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका (२०६५),* काठमाडौं : लेखक ।

श्रेष्ठ, चन्द्रबहादुर, (२०६२), *शिक्षाको आधार,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

CERID (1997). *Social Assement of Educationally Disadvantaged Groups.* Kathmandu : BPEP, MOE.

CERID (1984). *Study of functional adulat education program.* Kathmandu : Autor.

Ghimire, D. (2067), *Role of non-formal education for the poverty*. Indrapur : Masteral thesis of EPM Sukuna Multipal Campus (un published).

Koirala, B.N. (1988). *Non-formal Education Program for Rural Development in Nepal*: Historical preview an Estimated Paradigam. Kathamandu.

BPEP,(1997). *The basic and primary education Master Plan.* 1997-2000. Kathmandu : MOE.

## प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता

## अनुसूची : एक सहयोगी शिक्षक वा स्वयम् सेवकहरूका लागि अन्तरवार्ता प्रश्नावली

१. निरक्षर प्रौढहरूलाई साक्षरता शिक्षा प्रति आकर्षणका लागि के के गर्नु पर्ला ?

२. साक्षरता कक्षामा सहभागी प्रौढहरूलाई पढाई प्रति रूची जगाउन के कस्ता क्रियाकलापहरू गर्नु पर्दछ ?

३. प्रौढ साक्षरता कक्षामा सहभागिहरूलाई उपलब्ध गराईएको पाठ्यपुस्तक तथा शिक्षण सामग्रीहरू कत्तिको पर्याप्त छन् ?

४. उपलब्ध शैक्षणिक सामग्रीहरू प्रौढहरूको वौद्धिक स्तर अनुरूपका छन् छैनन् ?

५. उपलब्ध शिक्षण सिकाई सामग्रीहरू कत्तिको गुणस्तर युक्त छन ?

६. प्रौढ साक्षरता कक्षा सञ्चालन गर्दा के कस्ता समस्याहरूको सामना गर्नु पऱ्यो ?

७. अनौपचारिक शिक्षा सम्बन्धी समाजले राख्ने गरेको गलत धारणा प्रति तपाईको के राय छ ?

८. राष्ट्रिय साक्षरता अभियान कार्यक्रमका सवल र दुर्वल पक्षहरू के के होलान ?

९. प्रौढ साक्षरता शिक्षाका सहयोगी शिक्षकहरूलाई उपलब्ध गराईएको तालिम प्रति तपाईको के विचार छ ?

१०. वर्तमान सञ्चालित राष्ट्रिय साक्षरता शिक्षाका सवल र दुर्वल पक्षहरू के के होलान ?

११.साक्षरता स्वयम् सेवकहरूलाई प्रोत्साहन स्वरूप उपलब्ध गराईएको तलव भत्ता चित्त बुझ्दो छ छैन ?

१२.प्रौढहरूको सङ्कलन र कक्षा सञ्चालन कार्यमा सामाजका अन्य व्यक्तिहरूको कस्तो सहयोग पाउनुभएको थियो ?

१३. कक्षा सञ्चालन समयमा कक्षा क्रियाकलापका अलावा अतिरिक्त क्रियाकलापहरू के कत्तिको सञ्चालन गर्नु भयो ?

१४.अतिरिक्त क्रियाकलापहरू सञ्चालन गराउनु भएको भए प्रौढहरूको संलग्नता कत्तिको रहेको पाउनु भयो ?

१५.प्रौढहरूको व्यावहार तपाई स्वयम् सेवक प्रति कस्तो रह्यो ?

१६. स्थानीय निरीक्षकहरूले कक्षा समयावधी भर कत्ति पटक अनुगमन निरीक्षण गर्नु भयो ?

# प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता

## अनुसूची : दुई स्रोतव्यक्तिका लागि अर्न्तवार्ता प्रश्नावली

स्रोतकेन्द्रको नाम .......................................मिति .......................................

स्रोतव्यक्तिको नाम .......................................ठेगाना .......................................

शैक्षिक योग्यता .......................................हस्ताक्षर .......................................

कार्य अवधी .......................................

१. तपाईको स्रोत केन्द्रमा कतिवटा गा.वि.स.हरू आवद्ध छन् ?

२. सबै गा.वि.स.हरूमा प्रौढ साक्षरताका कक्षाहरू सञ्चालन छन्/छैनन् ?

३. कक्षा सञ्चालन भएका गा.वि.स.हरूको तथ्याङ्क कत्तिको व्यवस्थित छ ?

४. हाल सम्म तपाईको स्रोत केन्द्रमा आवद्ध गा.वि.स.हरूमा कति प्रतिशत निरक्षर सङ्ख्या प्रौढ साक्षरताबाट साक्षर छन् ?

५. प्रौढ साक्षरताका सहयोगी शिक्षकहरूलाई कति दिने तालिम उपलब्ध गराएपश्चात कार्यमा समावेश गराउने गर्नु भएको छ ?

६. स्वयम् सेवक (सहयोगी शिक्षक) हरूलाई तालिम दिनुको मूख्य उद्देश्य के रहेको छ ?

७. प्रौढ साक्षरता कार्यक्रम अर्न्तगत हाल सम्म तपाईले के कस्ता तालिमहरू सञ्चालन गर्दै आउनु भएको छ ?

८. अनौपचारिक प्रौढ साक्षरता कार्यक्रमका बारे राज्यले देखाएको चासोप्रति तपाईंको के राय रहेको छ ?

९. साक्षरता कक्षा अनुगमनमा गा.वि.स. र स्थानीय निरीक्षकले देखाएको संलग्नता प्रति तपाईंको विचार ?

१०. साक्षरता कक्षा सञ्चालन र व्यवस्थापनमा देखिएका समस्या बाधाहरू के कस्ता रहेका छन् ?

११. राष्ट्रिय साक्षरता अभियान कार्यक्रम सञ्चालन र व्यवस्थापनमा देखिएका सवल र दुर्वल पक्षहरू २/२ वुँदामा उल्लेख गरिदिनुहोस् ?

## प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता

## अनुसूची : तीन सहभागी प्रौढहरूका लागि अन्र्तवार्ता प्रश्नावली

१. विद्यालय शिक्षा लिनु भएको थियोकि थिएन ?

२. प्रौढ साक्षरताको कक्षा प्रवेश गर्ने प्रेरणा को बाट पाउनु भयो ?

३. कक्षा प्रवेश गरेर शिक्षा आर्जन गर्न थाले पछि तपाईंको जीवनमा कस्तो परिवर्तन आएजस्तो लाग्छ ?

४. तपाईंप्रति शिक्षकहरूको व्यवहार कस्तो रहदै आएको छ ?

५. घरायसी कामकाजले समयमा नै कक्षा उपस्थित हुन वाधा पुऱ्याएको छ कि छैन ?

६. प्रौढ साक्षरता कक्षामा उपलब्ध गराईएको पाठ्यपुस्तक तथा शैक्षिक सामग्री पर्याप्त छ ?

७. उपलब्ध शैक्षिक सामग्रीहरूको प्राप्तिमा कत्तिको समस्या झेल्नुपरेको छ ?

८.शैक्षिक सामग्रीहरू आफ्नो मानसिक स्तरका भए जस्तो लाग्छ/लाग्दैन ?

९. प्रौढ साक्षरता कक्षामा कस्ता कस्ता समस्याहरू रहेका छन् ?

१०. अनौपचारिक प्रौढ शिक्षा प्रति समाजले राखेको धारणा कस्तो पाउनु भएको छ ?

११. घरपरिवार तथा समाजले आफ्नो शैक्षिक योग्यताको कदर गरे जस्तो लाग्छ/लाग्दैन ?

१२. शिक्षा आर्जन पश्चात समामन्य लेख्पढ्का कार्यमा तपाईंको संलग्नता कत्तिको रहेको छ ?

# प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता

## अनुसूची : चार अभिभावकहरूका लागि अर्न्तवार्ता प्रश्नावली

नाम ......................................मिति ......................................

ठेगाना .....................................हस्ताक्षर .....................................

पेशा ......................................

१. कति कक्षा सम्म अध्ययन गर्नु भएको छ ?

२. के व्यावसाय गर्नुहुन्छ ?

३ परिवार सङ्ख्या कति हुनुहुन्छ ?

४.परिवारको जम्मा सङ्ख्या मध्ये कति जना साक्षर र कति जना निरक्षर हुनुहुन्छ ?

५. तपाई वा तपाईंको परिवारका कुनै सदस्यहरूले प्रौढ साक्षरता कक्षामा सहभागिता जनाउँनु भएको छ ?

६. छ भने साक्षरता शिक्षाले अक्षर चिन्न, पढ्न र लेख्न कत्तिको सहयोग पुऱ्याएजस्तो लाग्छ ?

७. छैन भने किन साक्षरता शिक्षा नलिनु भएको ?

८. साक्षरता शिक्षाका कक्षाहरू तपाईंको गाउँ/टोलमा कहिले देखि सञ्चालनमा आएका छन् ?

९. तपाईंको गाउँमा सञ्चालन भएको प्रौढ साक्षरतामा सहभागिहरूको उपस्थितिमा कत्तिको उत्साहजनक पाउनु भएको छ ?

१०. प्रौढ शिक्षालाई हेर्ने समाजको दृष्टिकोण कस्तो पाउनु भएको छ ?

११. तपाईंको दृष्टिमा समाजमा सञ्चालित प्रौढ साक्षरताका २/२ वटा सवल र दुर्वल पक्षहरू बताइदिनुहोस् ?

१२. समाजको सदस्यका कारण प्रौढ साक्षरता कक्षा सञ्चालन र व्यवस्थापनमा तपाईंको के सहयोग रहेको छ ?

१३. प्रौढ साक्षरता कार्यक्रमलाई विस्तार गरी अझ प्रभावकारी बनाउँन आगामी दिनहरूमा के के गर्नुपर्ला ? केही सुझाव छन् की ?

१४. राज्यका तर्फबाट के कस्ता कार्यक्रम र सेवा सुविधाहरू ल्याए प्रौढहरू साक्षरता शिक्षाप्रति आकर्षित होलान् ?

## प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता

## अनुसूची : पाँच स्थानीय निरीक्षकहरूका लागि अर्न्तवार्ता प्रश्नावली

१. प्रौढ साक्षरता कक्षा अनुगमन र निरीक्षणका लागि कतिदिने तालिम लिनु भएको छ ?

२. तालिम समयावधी उचित लाग्यो की अनुचित ?

३. कक्षा सञ्चालन समयावधी भरमा कतिपटक अनुगमन र निरीक्षण गर्नु भयो ?

४. निरीक्षण तथा अनुगमन के कस्ता उपलब्धिहरू प्राप्त गर्नुभयो ?

५. तपाईंको उपस्थिति प्रौढ साक्षरता कक्षाका विद्यार्थी र शिक्षकहरूमा कत्तिको प्रभावकारी रह्यो ?

६. कक्षा निरीक्षण र अनुगमनबाट प्राप्त समस्याहरू प्रति के कस्ता समाधानका उपायहरू सुझाउनु भएको छ ?

७. अनौपचारिक शिक्षा प्रति राज्यले छुट्याएको १.४% वजेट उपयुक्त छ/छैन ?

८. अनौपचारिक शिक्षा केन्द्रले उपलब्ध गराएको मासिक पारिश्रमिक प्रति तपाईंको के राय छ ?

९. तपाईंको समूहबाट कति प्रतिशत निरक्षरहरू साक्षर बने ?

## प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता

## अनुसूची : छ समूह छलफलका लागि तयार गरिएका प्रश्नावलीहरू

१. प्रौढ शिक्षाका लागि सञ्चालित साक्षरता शिक्षाको आवश्यकता कसरी महशुस गर्नुभएको छ ?

२. यस्ता कक्षाहरू कसरी सञ्चालन गरिरहनु भएको छ ?

३. यसले हाम्रो समाजमा कस्तो छाप छोड्न सकेको छ ?

४. कक्षा सञ्चालनमा के-कस्ता समस्याहरू झेल्नुपरेको छ ?

५. ती समस्या समाधानका उपायहरू के-के हुन सक्छन ?

६. साक्षरता कक्षामा प्रौढहरूको झुकाव कस्तो रहेको छ ?

७. प्रौढहरू सिकाईप्रति कत्तिको सन्तुष्ट छन् ?

८. पाठ्यपुस्तकको उपलब्धता, सहभागी नियमितता र स्वयम्सेवको व्यावहारका बारेमा तपाईंहरूको जिज्ञासा ?

९. स्वयम्सेवकहरूलाई उपलब्ध गराइएको तालिम प्रति तपाईंहरूको राय के छ ?

१०. सहभागी नियमितता कस्तो छ ?

११. पाठ्यक्रममा थप गुर्नपर्ने कुराहरू केही छन् की ?

१२. नियमित कक्षा सञ्चालन, कक्षा व्यवस्थापन र शिक्षक व्यवस्थापनका बारेमा आ-आफ्नो राय व्यक्त गर्नुहोस् ।

## प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता

## अनुसूची : सात कक्षा अवलोकन फारम

गा.वि.स. को नाम :- कटहरी                                कक्षा :- आधारभूत प्रौढ कक्षा

मिति :                                                  विषय :- नयाँ गोरेटो

साक्षरता शिक्षकको नाम :- विन्दु राजवंशी                       पाठ :- वनजंगल

| विषयवस्तु | अत्तिउत्तम | उत्तम | मध्यम | निम्न | छैन | कैफियत |
|---|---|---|---|---|---|---|
| १. उद्देश्य | | ✔ | | | | |
| २. विषयवस्तुको तयारी | | | ✔ | | | |
| ३. विषयवस्तुको स्पष्टता | | | ✔ | | | |
| ४. शैक्षिक सामग्रीको प्रयोग | | ✔ | | | | |
| ५. विद्यार्थी सहभागीता | | | ✔ | | | |
| ६. विषयवस्तुमा उदाहरण | | | ✔ | | | |
| ७. कालोपाटीको प्रयोग | ✔ | | | | | |
| ८. विद्यार्थी केन्द्रित शिक्षण | | | ✔ | | | |
| ९. भाषमा शुद्धता | | | ✔ | | | |
| १०. सहभागीलाई बीचबीचमा प्रश्न | | ✔ | | | | |
| ११. शिक्षण विधि | | | ✔ | | | |
| १२. मूल्याङ्कन | | | ✔ | | | |
| १३. गृहकार्य | | | | ✔ | | |

.............................................

निरीक्षकको हस्ताक्षर

प्रौढ साक्षरता कार्यक्रमको प्रभावकारिता

अनुसूची : आठ राष्ट्रिय साक्षरता अभियान कार्यक्रम - २०६८ कटहरी स्रोत केन्द्र मोरङ

कटहरी गा.वि.स. अभियान्ताहरूको विवरण

| क्र.सं. | अभियन्ताको नाम | शैक्षिक योग्यता | वडा | टोल |
|---|---|---|---|---|
| १ | आशामति राजवंशी | एस.एल.सी | ५ | कटहरी |
| २. | गीताकुमारी गन्गाईं | " | ५ | कदमगाछी |
| ३. | माधुरी पासवान | " | ६ | कटहरी |
| ४. | शोभादेवी गन्गाईं | " | ६ | कदमगाटी |
| ५. | सपना कु. राजवंशी | " | ६ | कटहरी |
| ६. | पनम कु. यादव | " | ६ | कटहरी |
| ७. | संजीतादेवी कामत | " | ७ | कमातटोल |
| ८. | सरस्वती पौड्याल | " | ७ | अन्नदचोका |
| ९. | आशा कु. हरिजन | " | ७ | रामटोल |
| १०. | मुम्ताज खातुन | " | ७ | जमुनगाटी |
| ११. | मिन्टुदेवी साह | " | ८ | खैरबना |
| १२. | द्रौपती कु. राजवंशी | " | ८ | जुडीघाट |
| १३. | ममता कु. राजवंशी | " | ८ | जुडीघाट |
| १४. | रेणुकादेवी साह | " | ८ | खैरबना |
| १५. | चन्दा कु. साह | " | ८ | खैरबना |
| १६. | अन्जना कु. राजवंशी | " | ८ | मधुरा |
| १७. | सुनिता टुडु | " | ९ | नयाँबजार |
| १८. | सीतादेवी सिंह | " | ९ | नयाँबजार |
| १९. | पार्वती हेमब्रम | " | ९ | अमतटोल |

| | | | | |
|---|---|---|---|---|
| २०. | रन्जुदेवी कामत | " | ९ | नयाँबजार |
| २१. | ज्योती शर्मा | " | ९ | नयाँबजार |
| २२. | शकुन्तला चौधरी | " | ३ | कटहरी |
| २३. | मन्जुली राजवंशी | " | १ | कदमटोली |
| २४. | मनिषा मिश्र | आइ.कम. | १ | आर्दशटोल |
| २५. | रेणुदेवी शर्मा | एस.एल.सी. | १ | आर्दशटोल |
| २६. | ज्ञानी कु. राजवंशी | " | १ | जमटोकी |
| २७. | पवित्रा माझी | " | २ | जमटोकी |
| २८. | सुमन वर्मा | " | २ | जमटोकी |
| २९. | सुनिता कामत | " | २ | जमटोकी |
| ३०. | अम्बिका माझी | " | २ | जमटोकी |
| ३१. | सरस्वती राजवंशी | " | १ | कठटोली |
| ३२. | लिलम कु. राजवंशी | " | ३ | महेशपुर |
| ३३. | भुवन कु. राजवंशी | " | ३ | खोरीयाटोल |
| ३४. | उत्तम कु. सरदार | " | ३ | खोरीयाटोल |
| ३५. | शकुन्तला चौधरी | " | ३ | महेशपुर |
| ३६. | रूबी पौदार | " | ३ | महेशपुर |
| ३७. | सुशीला राजवंशी | " | ४ | कामतटोल |
| ३८. | सरितादेवी कामत | " | ४ | कामतटोल |
| ३९. | मनिषा कु. मण्डल | " | ४ | कामतटोल |
| ४०. | रूनादेवी कामत | " | ४ | कामतटोल |
| ४१. | रिंकी कु. मण्डल | " | ४ | कामतटोल |
| ४२. | सन्जोदेवी राजवंशी | " | ५ | हल्दीबारी |
| ४३. | मन्जु कु. राजवंशी | " | ५ | कदमगाटी |